# कृषि क्षेत्रको पञ्चवर्षिय योजना

# (२०७६ - २०८१)

# *ड्राफ्टप्रति*

## *(Draft Copy)*

## सिम्ता गाँउपालिका

### सुर्खेत, कर्णाली प्रदेश

| क्र. सं. | बिषय-सूचि | पृष्टनं |
|---|---|---|
| | कृतज्ञता | |
| १ | पृष्ठभूमि | १ |
| २ | अध्ययन तथा तयारगर्ने बिधि | २ |
| ३ | गाँउ पालिकाको परिचय | ३ |
| ४ | सिम्ता गाँउपालिकाको नक्शा | ४ |
| ५ | सिम्ता गाँउपालिकाको बस्तुगत विबरण | |
| ६ | हावापानी | |
| ७ | जलश्रोत-नदि,नाला | |
| ८ | भू-स्वामित्व | |
| ९ | सिम्ता गाँउपालिकामा कृषि क्षेत्रको अवश्था | |
| | ९.१कृषि प्रणाली<br>९.२ प्रमुख बाली प्रणाली<br>९.३ प्रमुख वालीहरु तथा उत्पादकत्व<br>९.४ पशु पालनको अवश्था<br>९.५ कृषि तथा पशुजन्य वस्तुहरुको आयात तथा निर्यातको अवश्था | |
| १० | आर्थिक अवश्था | |
| ११ | खाध्य सुरक्षाको अवश्था | |
| १२ | कृषि तथा पशुजन्य वस्तुहरूको आवश्यकता र उत्पादन | |
| १३ | पोषणको अवश्था | |
| १४ | प्रमुख खाध्यान्न वालिको उत्पादन र उत्पादकत्व वृद्दिदर | |
| १५ | प्रवीधी प्रयोगको अवश्था | |
| १६ | वातावरण परीवर्तनको प्रभाव | |
| १७ | खुल्ला सिमाना | |
| १८ | बाहीरी बजारमा प्रवेश पाउने चुनौती | |
| १९ | व्यवस्थापकिय कम्जोरी | |
| २० | कृषि क्षेत्रमा देखापरेका समस्या एवं चुनौतीहरूको विष्लेषण | |
| २१ | सिम्तामा देखिएका समस्या तथा चुनौतीहरू वुदाँगतरूपमा प्रस्तुती | |
| २२ | कृषि क्षेत्रमा देखिएका अवसर | |
| २३ | सिम्तामा उपलब्ध अवसर तथा सवल पक्षहरू वुदाँगत रूपमा प्रस्तुती | |
| २४ | व्यवसायीकरणका लागी तुलनात्मक लाभका वस्तु पहीचान | |
| | २४.१ वेमौसमी तरकारी | |

| | | |
|---|---|---|
| | २४.२ वर्षे आलु | |
| | २४.३ फलफुल | |
| | २४.४ बाख्रा पालन | |
| | २४.५ मसला बाली | |
| | २४.६ चलैची | |
| | २४.७ च्याउ | |
| | २४.८ उच्च प्रविधि युक्त खेती | |
| | २४.९ माछापालन | |
| २५ | पन्चवर्षिय योजनाको रणनीतिक ढाँचा | |
| | २५.१ योजनाको दुरदृष्टि | |
| २६ | उद्देश्य | |
| | २६.१ उद्देश्यहरूको व्याख्या | |
| २७. | रणनीती कार्य नीति | |
| २८. | पन्चवर्षिय योजनाको परिमाणात्माक लक्ष्य | |
| २९. | सिँचाई | |
| ३० | कृषि जन्यवस्तु उत्पादन लक्ष्य (तालिका १२) | |
| ३१ | पन्चवर्षिय योजनाको कार्यक्रम बजेट | |
| ३२ | अपेक्षित उपलब्धि | |
| ३३ | कृषि उत्पादन तथा उत्पादकत्व बृद्दिका लागी सुझाबहरू<br>३३.१ कृषि साधनहरूको वृद्दि<br>३३.२ जलवायु परिवर्तन अनुकुलन<br>३३.३ कृषि उपज संकलन केन्द्र<br>३३.४ मानसिकतामा परिर्वतन<br>३३.५ युवा जनशक्तीको परिचालन<br>३३.६ निति तथा सासकिय सुधार<br>३३.७ सहकारी क्षेत्र<br>३३.८ स्थानिय क्षमता अभिवृद्दी<br>३३.९ सघन र उन्नत खेती प्रणालिको अवलम्वन | |
| ३४ | कार्यक्रम सन्चालन पद्दती तथा मोडेल<br>३४.१ व्यवसयिक विकास<br>३४.२ व्यक्तिगत खेति तथा सामुहिक बजारिकरण<br>३४.३ सामुहिक खेति प्रणालि | |

| | | |
|---|---|---|
| | ३४.४ नमुना पकेट कार्यक्रम | |
| ३५ | कृषिप्रणालिको बिकास/पहिचान | |
| ३६ | कृषि सेवा सन्चालन संयन्त्र<br>३६.१ समुह तथा सहकारि मार्फत कृषि सेवा प्रदान<br>३६.२ सहकारि सन्जाल<br>३६.३ प्राविधिक सेवा<br>३६.४ समन्वय | |
| ३७ | अनुगमन तथा मुल्यांकन | |
| ३८ | योजना कार्यान्वयन सुनिस्चितताका आधारहरु | |
| ३९ | उत्पादन परिक्षण गर्नुपर्ने नयाँ बालिहरू<br>३९.१ किबिफल<br>३९.२ भुइँ ऐसेलु<br>३९.३ चुकन्दर<br>३९.४ मेकाडोमिया नट<br>३९.५ यभो काडो<br>३९.६ ट्राउट माछा पालन | |
| ४० | बजार बिकास तथा पूर्वाधार | |
| ४१ | अनुसुचि १ बालि विशेष पकेट विस्तारको लागि पहिचान भएका क्षेत्रहरू<br>४१.१ अनुसुचि २ पाँच वर्षे योजनामा प्रक्ष्यपित उत्पादन तथा आम्दानी<br>४१.२ अनुसुचि ३ प्रमुख वालि प्रणालिमा केहि सुधार गर्नुपर्ने पक्ष<br>४१.३ अनुसुचि ४ पशुपालन व्यवस्थापनमा सुधार गर्नुपर्ने पक्ष<br>४१.४ अनुसुचि ५ स्थान विशेष वस्तुगत विवरण<br>४१.५ अनुसुचि ६ पन्च वर्षिय योजनाको रणनितिक ढाँचा | |

**पृष्ठभूमी:**राज्यको पुनर्संरचना संगै पुरानो प्रशासकिय संरचना विघटन गरी स्थानीय स्तरमा कृषि लगायत अन्य बिकास योजना, निति तथा कार्यक्रम निर्माण र संचालन गर्न सक्ने स्थानीय तहको निर्माण भएको छ । पहिलेका केन्द्रिकृत योजना तथा कार्यक्रमहरुले स्थानीय स्तरमा अपेक्षित नतिजा दिन नसकेको अवस्थामा अब यो सबै जिम्मेवारी स्थानीय तहमा आएको छ । स्थानीय स्तरमा जनताको बदलिदो अपेक्षा अनुसार कृषिक्षेत्रको बिकासको नयाँ प्रस्थान बिन्दु तय गर्न आवश्यक भएकोले सिम्ता गाँउपालिकाले यो पञ्चवर्षिय योजना तयार गरेको हो । योजना तयार गर्दा गाँउपालिका भित्ररहेका श्रोत तथा सम्भावनाहरुको पहिचान गरी वडा तथा बस्ती स्तर सम्म कृषि तथा पशुपालन क्षेत्रामा कृषकहरुले भोग्दै आएका समस्याहरु समाधानकालागि कृषि तथा पशुपालन कार्य संचालन गर्न मार्ग-निर्देशकको रुपमा सिम्ता गाँउपालिकाले यो पञ्चवर्षिय कृषि योजना तयार गरेको हो ।सिम्ता गाँउपालिकामा कृषिले घरपरिवारको कुल आम्दानीमा २६ प्रतिशत योगदान तथा रोजगारमा यस क्षेत्रको ५५ प्रतिशत हिस्सा रहिआएकोले कृषिको विकास गर्न कृषकलाई विकासको मूल प्रवाहमा नल्याई यहाँको प्रगति सम्भव छैन । हालसम्मचल्दै आएको कार्य शैली र सिमित सुधारका प्रयासले मात्र कृषिक्षेत्रको विकास गर्न सकिने अवस्था देखिदैन तथापि यहाँको कृषि विकासमा धेरै सकारात्मक पाटाहरू पनि रहेका छन् । हाल जनताले स्थायी सरकार पाएका छन्, विकासमा जनताको चाहना र उत्सुकता बढेको छ । यसको लागि रूपान्तरणको स्पष्ट खाका कोर्नु आवश्यक छ ।कृषिक्षेत्रको आधुनिकिकरण तथा व्यवसायिकरण मार्फत कृषिमा आत्मनिर्भर र गरिबी न्यूनिकरण गर्न सम्भव छ ।यसको लागि सरकार, निजिक्षेत्र तथा सहकारी सबैको समन्वय, साझेदारी, सद्भाव र सहयोग चाहिन्छ ।

सिमित श्रोत र साधनबाट कृषिक्षेत्रका सबै समस्याहरु एकैपटक समाधान गर्न सकिदैन, तसर्थ सबै सरोकारवालाहरुको संलग्नता र रायसुझाबको आधारमा कार्यक्रमहरुको प्राथमिकता निर्धारण गरी यो योजना तयार गरिएको छ । योजनाले अपेक्षित उपलब्धि तय गरेको छ र ती उपलब्धिहरु पाँच वर्ष भित्र प्राप्त गर्न जोड दिइने छ । योजनामा तय गरिएका लक्ष्य तथा अन्य सूचकहरु गाँउपालिकाको उध्देश्य प्राप्तीमा प्रत्येक्षरुपमा प्रभाव पार्ने छ । योजनामा के कुरामा जोड दिने र कार्य निति कस्तो हुने भन्नेकुरा उल्लेख भएको छ । योजनालाई बढी व्यवहारिक बनाउन कुन-कुन कार्यक्रमले कुन-कुन उपलब्धिहरु हासिल गर्न सकिन्छ भन्नेकुरा अर्थपूर्ण तरिकाले (Logical Frame work Analysis) विश्लेषण गरिएको छ । कृषि पद्दतिमा जमिन, श्रमको अवस्था, बदलिँदो सामाजिक, सांस्कृतिक, भौगोलिक र पर्यावरणीय विशेषता, शहरीकरण, खाद्यान्न आयात, भूमिको वितरण जस्ता पक्षसँग सोझै जोडिएको विषय भएकाले यी पक्षहरूको विश्लेषणतथा योजना निर्माण गर्दा दुरदृष्टि, ढाँचा र कार्यान्वयनको कार्यदिशामा एकरुपता ल्याउने प्रयास गरिएको छ । कार्यक्रम तयार गर्दा उपलब्ध श्रोत साधन तथा बढ्दो मागलाइ ध्यान दिइएको छ ।योजना निर्माण गर्दा आर्थिक बृद्धि, खाद्यसुरक्षा तथा पोषण सुधार, रोजगारीको सिर्जना,तुलनात्मक लाभका वस्तु उत्पादन, समाबेशीता, आयात प्रतिस्थापन, निर्यात प्रबर्धन, दिगो कृषि तथा वातावरण संरक्षण जस्ता पक्षहरुलाइ ध्यान दिइएको छ । पहिचान भएका प्राथमिकताहरुको ठिक समयमा सहितरिकाले कार्यान्वयन भएमा अपेक्षित नतिजा सहजरुपमा हासिल गर्न सकिने छ ।

**२.अध्ययन तथा तयार गर्ने विधि:** कृषि क्षेत्रको विकासका लागि उपलब्ध श्रोतहरुको पहिचान तथा सम्भाव्यता अध्ययन गरेर पञ्चवर्षे योजना तयार गर्न निम्न अनुसार तरिकाहरु अपनाईएको छ ।

- उपलब्ध सामग्रीहरुको अध्ययन तथा तथ्यांङ्क संकलन ।

- कृषक, जनप्रतिनिधि, सेवा प्रदायक तथा स्थानीय अगुवाहरुको संलग्नतामा बस्तीस्तरमा छलफल तथा उपलब्ध श्रोतहरुको स्थलगत अवलोकन ।
- सबै सरोकारवालाहरुको संलग्नतामा कृषिक्षेत्रमा देखापरेका चुनौतितथा सम्भावनाहरुको पहिचान ।
- गाँउपालिका अन्तरगत कृषि र पशुशाखासंग छलफल तथा जनप्रतिनिधिहरुको सुझाव समावेश गरिएको।
- कार्यपालिका सदस्यहरु, अन्य जनप्रतिनिधि तथा सबै सरोकारवालाहरुकोसहभागितामा कृषिक्षेत्रको दिर्घकालिन सोच, उध्देश्य, रणनीति, कार्यनीति तथा पञ्चवर्षिय कार्य लक्ष्य तय गरिएको ।

Limitations:कृषितथ्यांङ्कहरु भरपर्दो र एकरुपता नहुनु।व्यवसायिक विकास नभएको हुंदा योजना निर्माण गर्दा मूल्य श्रृङखला पात्रहरुको अर्थपूर्ण सहभागिता नरहनु ।

**३. गाँउपालिकाको परिचय**

नेपालका ७ प्रदेशहरु मध्य कर्णाली प्रदेशको सिम्ता गाँउपालिका सुर्खेत जिल्लामा पर्दछ । राज्यको पुनः संरचना पछि साविकका ८ वटा गा.वि.स.हरु समेटेर यो गाँउपालिका निर्माण भएको हो।यो गाँउपालिका ९ वटा वडाहरुमा बाँडिएको छ ।सुर्खेत जिल्ला भित्र यो गाँउपालिकाको सिमाना दुईवटा नगरपालिका र तिन वटा गाँउपालिकासंग जोडिएको छ ।गाँउपालिकाको पूर्वमा भेरी नदी, उत्तर तर्फ जाजरकोट जिल्लाको सिमाना, पश्चिम-उत्तर चिंगाड गाँउपालिका र पश्चिम-दक्षिण लेकवेशी नगरपालिका तथा दक्षिण तर्फ गुर्भाकोट नगरपालिका पर्दछ ।भौगोलिक अवस्थितिको दृष्टिकोणले गाँउपालिका भित्र विविधता रहेको छ । यो गाँउपालिकाको कूल क्षेत्रफल१३४.२९ वर्गकिलोमिटर छ । समुन्द्र सतहबाट करिब ६०० मिटर देखि २२०० मिटर सम्मको उचाँईमा फैलिएको यो गाँउपालिकामा सुक्ष्म हावापानीको विविधता रहेको छ । वनस्पतिमा साल देखि गुराँस सम्म पाँउन सकिन्छ भने आँप देखि ओखर सम्मको खेती सफलतापूर्वक गर्न सकिन्छ । यहाँको जंगलमा सल्लो प्रजातिको बाहुल्यता रहेको पाइन्छ । यो गाँउपालिका छिन्चु-जाजरकोट सडकले जोडिएको हुंदा अन्य भू-भागहरुसंग व्यवसायिक सम्बन्ध बढ्दै गइरहेको छ । हालैको तथ्याङ्क अनुसार यो गाँउपालिकामा बसोबास गर्ने जम्मा ५६२२ घरपरिवार तथा३०४४३ जनसंख्या रहेको छ । औषत परिवारको आकार ५.४१ छ । सेवा प्रदान गर्न सहजताकालगि यो गाँउपालिकाको केन्द्र जामुनेबजारमा रहेको छ । यहाँ सबै जातजातिको बसोबास भएतापनि बाँहुन क्षेत्रीहारुको बाहुल्यता रहेको छ । कुल घरपरिवार मध्य ३१ प्रतिशत दलित, ९ प्रतिशत जनजाती र ६० प्रतिशत बाहुन क्षेत्रीको बसोबास रहेको छ । जनसंख्याको हिसाबले


महिलाको संख्या पुरुषको भन्दा कम छ र महिला पुरुष अनुपात०.९५रहेको छ ।

**तालिका नं. १ वडा अनुसार जनसंख्या तथा जनघनत्व**

| वार्ड नं | घरधुरी संख्या | जनसंख्या | | | क्षेत्रफल | जन घनत्व | परिवारको औषत आकार | महिला पुरुष अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | (वर्गकिमि) | | | |
| १ | ५३६ | १६५९ | १७९९ | ३४५८ | १६.५५ | २०९ | ६.५ | ०.९२ |
| २ | ५८७ | १७५७ | १८९८ | ३६५५ | १८.४८ | १९८ | ६.२ | ०.९३ |
| ३ | ६०३ | १६९२ | १७३५ | ३४२७ | ८.९१ | ३८५ | ५.७ | ०.९८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ४३२ | ११६६ | ११६६ | २३३२ | ९.७३ | २४० | ५.४ | १ |
| ५ | ५७२ | १४१४ | १५२५ | २९३९ | ९.६८ | ३०४ | ५.१ | ०.९३ |
| ६ | ९८५ | २४१४ | २४९१ | ४९०५ | २०.१६ | २४३ | ५ | ०.९७ |
| ७ | ६९४ | १६९९ | १७७१ | ३४७० | २०.७६ | १६७ | ५ | ०.९६ |
| ८ | ५६४ | १४१९ | १४२० | २८३९ | १६.३१ | १७४ | ५ | १ |
| ९ | ६४९ | १६३३ | १७८५ | ३४१८ | १३.७१ | २४९ | ५.३ | ०.९१ |
| **जम्मा** | **५६२२** | **१४८५३** | **१५५९०** | **३०४४३** | **१३४.२९** | **२२७** | **५.४** | **०.९५** |

श्रोतः गाँउपालिकाको विपन्न घरधूरी सर्भेक्षण, २०७५




**चित्र नं. १. सिम्ता गाँउपालिकाको जनसंख्या र जनघनत्व**

## ५. सिम्ता गाँउपालिकाको वस्तुगत विवरण

- गाँउपालिकाको कुल क्षेत्रफलः १३४.२९ वर्ग किलोमिटर
- वडा संख्याः९
- समुन्द्र सतहबाट उचाईः ६०० मिटर देखि २२०० मिटर सम्म
- खेती योग्य जमिनः ६५५२ हेक्टर (४८.८० प्रतिशत)
- खेती गरिएको जमिनः ४३५८ हेक्टर (३२.४५ प्रतिशत)
- सिंचित क्षेत्रः २९ प्रतिशत
- कुल जनसंख्याः ३०४४३ (विपन्न घरधुरी सर्भेक्षण, २०७५)
- कुल जनसंख्या मध्यः ३१ प्रतिशत दलित, ९ प्रतिशत जनजाती र ६० प्रतिशत बाहुन क्षेत्री (अन्य)
- महिला पुरुष अनुपातः ०.९५

**६ हावापानीः** सिम्ता गाँउपालिकाको क्षेत्रफल सानो भए पनि समुन्द्र सतहबाट करिब ६०० मिटर देखि २२०० मिटर सम्माको उचाँइमा फैलिएको हुंदा यो गाँउपालिका भित्र सुक्ष्म-हावापानीको विविधता रहेको छ । यहाँको हावापानीलाई निम्नअनुसार मुख्य दुईभागमा बाँड्न सकिन्छ;

***उपोष्ण हावापानी(Sub-tropical Climate) :***सिम्ताको भेरी नदी किनारमा अवस्थित फाँट, खोला किनारका बेंशीहरु र समुन्द्र सतह देखि करिब १५०० मिटर सम्मको उचाँईमा रहेका भू-भागहरुमा उपोष्ण हावापानी पाईन्छ ।

यसमध्य पनि ६०० मिटरदेखि ८०० मिटर सम्मको उचाँइमा रहेका स्थानहरुमा गर्मी मौसममा अलि गरम हुन्छ । भेरी किनारमा रहेका स्थानको औषत अधिकतम र न्यूनतम तापक्रम तथा वर्षा तालिका- २. को हाराहारीमा रहेको मान्न सकिन्छ । यहाँ धान ,मकै, गहुं, आँप, लिची, मेवा, केरा तथा मौसमअनुसार बिभिन्न तरकारी, तोरी, सुर्यमुखी फूल, दलहनमा मुसुरो, मास रचना खेतीको लागि उपयुक्त हुन्छ । यहाँ यातायातको सुबिधा भएकाले व्वसायिक रुपमा भैंसी पालन पनि गर्न सकिन्छ । यहाँका सिंचित क्षेत्रहरुमासघन खेतीकालागी पनि (वर्षमा तिन खेती लिने)उपयुक्त हावापानी रहेको छ ।

८०० देखि १५०० मिटर सम्मको उचाँइमा रहेका स्थानहरुको हावापानी हिउँद तथा गर्मीयाम दुबै मौसममा न धेरै गर्मी न धेरै जाडो हुने र कुहिरो पनि नलाग्ने हुंदा यहाँ बस्न र कृषि तथा पशुजन्य बिभिन्न व्यवसाय संचालनकालागि उपयुक्तहावापानी रहेको छ । यहाँ खाध्यान्न बालीमा मकै, धान, गहुं र कोदो, तेलहनमा तोरी र तिल, तरकारीमा वर्षे गोलभैंडा, काउली, बन्दा, करेला, काँक्रा, खुर्सानी, मसला बालीमा बेसार, अदुवा, लसुन र अलैंची, पशुपालनमा बाख्रा र फलफुलमा कागति, सुन्तला, स्थानियजातको केरा, आँप, लिची, मेवा आदिको खेती सफलतापूर्वक गर्न सकिन्छ । बिभिन्न बालीका बीउ उत्पादनकोलागि पनि यो क्षेत्र उपयुक्त रहेको छ।

***समशितोष्ण हावापानी (Warm Temperate Climate):***समुन्द्र सतहबाट करिब १५०० मिटर देखि २२०० मिटर सम्म उचाँईमा रहेको क्षेत्रमा यो हावापानी पाईन्छ । यहाँ गर्मी मौसममा पनि गरम नहुने हुंदा वर्षायाममा वेमौसमी तरकारी खेतीको लागि उत्तम मानिन्छ । बढी उचाँई भएका क्षेत्रहरुमा हिउँद महिनामा तुसारो पर्ने र कहिले काँहि हिंउ पनि पर्दछ र वर्षायाममा कुहिरो लाग्ने गर्दछ । चैत्र बैशाखमा भने कहिले काहि असिनाले क्षति प-याउने गर्दछ । यहाँ खाध्यान्न बालीमा मकै, गहुं, जौं र कोदो खेती राम्रो हुन्छ । कारिब १७०० मिटर देखि माथि उचाँई भएका र उत्तर मोहडा भएका स्थानहरुमा वर्षे आलु, बेमौसमी तरकारीर ओखरको खेती सफलतापूर्वक गर्न सकिन्छ । यहाँ टिमुरको व्यवसायिक खेती गरेर पनि राम्रो आम्दानी लिने गरेको पाइन्छ । पशु चरनको सुबिधा भएकाले यो क्षेत्र पनि व्यवसायिक बाख्रा पालनको लागि उपयुक्त छ ।

**तालिका २ : तिन वर्षको औषत मासिक तापक्रम र बर्षा विवरण**

| प्यारामिटर | जनवरी | फेब्रुवरी | मार्च | अप्रिल | मे | जुन | जुलाई | अगस्ट | सेप्टेम्बर | अक्टोबर | नोभेम्बर | डिसेम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| औषतअधिकतमतापक्रम (डिग्रीसेल्सीयस) | २३ | २६ | ३१.६ | ३६ | २४ | २३ | २१.९ | २२.५ | २२.२ | २१.२ | १८.३ | १६.२ |
| औषत अधिकतम तापक्रम (डिग्री सेल्सीयस) | ४.९ | ८.२ | ११.१ | १५.५ | १६.६ | २३ | २२.९ | २२.२ | २१.४ | १७.४ | ९.६ | ७.५ |
| औषतबर्षा ९मिलिमिटर० | ५.१ | ५.६ | १८ | १७.२ | ९४.३ | १७७.७ | ४८१.९ | ४९८.१ | ६१ | १७.५ | ० | ० |

*श्रोत : मध्य तथा सुदुर पश्चिम क्षेत्रिय हावापानी कार्यालय सुर्खेत (मेहेलकुना स्टेशन)*

**७.जलश्रोत नदिनालाः**भेरी नदी, जुगै खोला, सिर्पा खोला, राक्सी खोला, सिम्ता खोला तथा ५२ वटा साना पानीका श्रोतहरु पहिचान भएका छन् ।

सिम्ता गाँउपालिकाको पूर्वी सिमानाको उत्तर देखि दक्षिण तर्फ बग्ने भेरी नदी सिम्ताको ठुलो जलश्रोतकोरुपमा रहेको छ । तर कृषिक्षेत्रमा भने हालसम्म यसको खासै उपयोग हुन सकेको छैन । नदीका आसपास रहेका



प्रशस्त फाँटहरुमायसबाट वडा नं. १, ३, ४, ६ र ७ मा लिफ्ट द्वारा नदीको पानी तानेर सिँचाई सुबिधा बिस्तार गर्न सकिने छ । गाँउपालिकाको वडा नंवर १ र ३ को बिच भागबाट जुगै खोला बगिरहेको छ र यसले १,२ र ३ वडाका खोलावरिपरिका फाँटहरुमा सिँचाई पु-याइरहेको छ । वडा नंवर २ मा सिर्पाखोला छ र यसले काफलकोटमा सिँचाई पु-याएको छ भने नाहगाँउको उत्तर-पश्चिममा रहेको राक्सी खोला बाट नाहगाँउको सिँचाइकोलागि प्रयोग गर्न सकिने छ । त्यसै गरी सिम्ताखोलाले वडा नंवर ५, ६, ७, ८ र ९ का खेतहरुमा सिँचाई पु-याउँदै आएको छ । यी बाहेक ५२ वटा सानातिना पानीका श्रोतहरु पहिचान भएका छन् र यी श्रोतहरु सिंचाईकोलागि प्रयोगमा ल्याउन सकिने छ |


**८भू-स्वामित्वः**भू-स्वामित्वको हिसाबले सिम्ता गाँउपालिकामा १ देखि ५ रोपनी सम्म जमिन हुने कृषक परिवार २४.२० प्रतिशत, ५ देखि १५ रोपानी सम्म हुने ५६ प्रतिशत, १५ देखि ३० रोपनी हुने १३.६०

प्रतिशत, ५० रोपनी भन्दा माथि हुने ०.२० प्रतिशत तथा भूमीहिन ४.६० प्रतिशत कृषक परिवाररहेको देखिन्छ ।(चित्र नं. २) यसबाट के देखिन्छ भने सिम्तामा साना किसानहरुको बाहुल्यता छ र जमिनको बितरणपनि

असमान रहेको छ । यो गाँउपालिकामा प्रतिपरिवार औषत खेती गर्ने जमिनको स्वामित्व ८.६१ रोपनी मात्र रहेको देखिन्छ । जमिनको स्वमित्वको यो आकार जिल्लाको औषत आकार भन्दा सानो हो ।त्यसमा पनि जमिन छरिएर रहेको हुंदा खेती व्यवस्थापन गर्न कृषकहरुले कठिनाई भोगिरहनु परेको छ । वडा नंवर ८ मा प्रतिपरिवार औषत जमिन ९.९१ रोपानि छ भने वडा नंबर ५ मा ६.१९ मात्र हुन आँउछ । (चित्र नं. ३ )जातजातिको परिवार संख्या, भू-स्वामित्व र सिंचित जमिनको अनुपात हेर्दा बाहुन क्षेत्रीको ६० प्रतिशतपरिवार संख्यामा ६८ प्रतिशत खेती गर्ने जमिनको स्वामित्व रहेको छ रकुल सिँचित क्षेत्रको ६७ प्रतिशत जमिनमा उनिहरुकैस्वामित्व छ । जनजातिको ९ प्रतिशत परिवार संख्या रहेकोमा खेती गर्ने जमिनको १० प्रतिशत मात्र उनीहरुको स्वामित्वमा छ र जम्मा सिंचित जमिनको पनि १० प्रतिशत नै हिस्साजनजातीसंग रहेको छ । त्यसै गरी दलितको ३१ प्रतिशत परिवारको स्वामित्वमा २२ प्रतिशत खेति गर्ने जमिन रहेको छ भने सिंचित जमिनको २३ प्रतिशत हिस्सा दलित बर्गको स्वामित्वमा परेको छ ।

**चित्र नं. २ जमिनको स्वामित्व चित्र नं. ३वडा अनुसार जमिनको औषत स्वामित्व**







श्रोतः सिम्ता गाँउपालिकाको तथाङ्क, २०७५

## ९ सिम्ता गाँउपालिकामा कृषिक्षेत्रको अवस्थाः

### ९.१ कृषि प्रणाली

सिम्ताक्षेत्रमा परम्परादेखि नै जिविकोपार्जनको मुख्य आधारकोरुपमा रहेको कृषिक्षेत्रमा मिश्रित कृषिप्रणाली कै बाहुल्यता रहंदै आएको छ । यो प्रणाली अन्तरगत खेतीपाती र पशुपालनलाई कृषिको अभिन्नअंगको रुपमा लिइएको छ । खेतीपाती र पशुपालन दुबै उप-क्षेत्रहरु एक अर्काको परिपूरककोरुपमा रहेकाछन् । पशुद्वारा खेत जोत्न र पशुको मल खेतबारीमा प्रयोग गरेर बालीको उत्पादन बढाउन मद्दत पुग्दछ भने खेतबारीबाट उत्पादित बालीका उप-उत्पादन, घाँस र दाना पशुपालनमा प्रयोग गर्ने जस्ता सम्बन्ध मिश्रित कृषिप्रणालीमा देख्नसकिन्छ । तथापि हाल आएर यो सम्बन्ध अलिकमजोर बन्दै गइरहेको छ । किनभने परम्परागत रुपमा अँगाल्दै आएको निर्वाहमुखी कृषिबाटमात्र आफ्ना आवश्यकता पुरा हुन नसक्ने देखेर कृषकहरु व्यवसायिक कृषि तथा पशुपालन तर्फ उन्मुख हुनखोजेको देखिन्छ । केहि कृषकहरु व्यवसायिक तथा अर्ध-व्यवसायिक रुपमा अघिबढ्ने जमर्को गरेतापनि दिगोरुपमा थेगिराख्न संघर्ष गरिरहेका छन् ।

### ९.२ प्रमुख बाली प्रणाली

❖ भेरी नदी किनारका फाँट तथा ८०० मिटर सम्म उचाइ रहेका बेशीहरु

*सिंचित क्षेत्रः*

- धान — गहुं / मुसुरो
- फलफूलमा लिची, केरा, आँप

*असिंचित क्षेत्रः*

- मकै — तोरी + चना / मुसुरो
- बहुवर्षे बालीमा आँप, लिची, केरा, बेसार

*मौसमी सिंचाई हुने क्षेत्रः*

- धान —गहुं / दलहन / खाली

❖ ८०० देखि १५०० मिटर सम्म उचाइ रहेका क्षेत्रः

- खाध्यान्न बालीः मकै / कोदो —गहुं / दलहन / तोरी - खाली
- बहुवर्षिय बालीः अम्बा, कागति, सुन्तला, स्थानिय केरा, घाँस, डालेघास, अदुवा

❖ १७०० मिटर देखि २२०० मिटर सम्म

- वर्षे आलु — तरकारी/ तोरी
- मकै + सिमी — गहुं / तोरी / मुसुरो
- कोदो — खाली
- फलफुलमा ओखर

### ९.३प्रमुख बालीहरु तथा उत्पादकत्व


तालिका नं. ३ मुख्यबाली तथा पशुपंक्षिहरु तथा हालको उत्पादकत्व

| क्र.सं. | बाली | उत्पादकत्व (मे.टन/हेक्टर) | क्र.सं. | बाली | उत्पादकत्व (मे.टन/हेक्टर) |
|---|---|---|---|---|---|
| १ | **खाध्यान्न बाली** | २.६८ | ३ | आलु | ११ |
| १.१ | धान(वर्षे) | २.९६ | ४ | **दलहन** | **०.८५** |
| १.२ | धान(बसन्ते) | ० | ४.१ | मास | ०.९८ |
| १.३ | मकै(वर्षे) | २.९९ | ४.२ | मुसुरो | ०.७९ |
| १.४ | मकै(बसन्ते) | ३.३५ | ४.३ | चना | ०.८० |
| १.५ | गहुं | २.७२ | ४.४ | केराउ | ०.९६ |
| १.६ | कोदो | ०.९३ | ४.५ | भटमास | ०.८९ |
| २ | **तरकारी** | **१२.४१** | ५ | **तेलहन** | **०.७९** |
| २.१ | हिउदेतरकारी | १०.४७ | ५.१ | तिल | ०.३६ |
| २.२ | बसन्तेतरकारी | ९.२५ | ५.२ | तोरी | ०.८९ |
| २.३ | वर्षे तथा शरद मौसम तरकारी | १४.८५ | ५.३ | सुर्यमुखीफूल | ०.६० |

## ९.४पशुपालनको अवस्था

सिम्तामा परम्परादेखि पशुपालनलाई कृषि उत्पादनको पूरकअंगको रुपमा लिइदै आएको छ । तर हाल आएर बाख्रा, कुखुरा तथा भैंसी पालनमा केहि व्यवसायिकता तर्फ उन्मुख भएको देखिन्छ । सिम्ताको खसीले राष्ट्रिय स्तरको बजारमा समेत ख्याती पाईसकेको अवस्था छ र अझै खसीको राष्ट्रिय माग पुरा हुनसकेको छैन । कुल पालिएका पशुपंक्षिमध्ये उत्पादनशील पशुपंक्षिको संख्या न्यून रहेको छ । करीब दुइ तिहाइ कृषकपरिवारसंग मात्र हलगोरु रहेको देखिन्छ ।यहाँ बाख्रापालनको लागि उपयुक्त हावापानी र चरनक्षेत्र रहेको छ र प्रतिघरधूरी औषतबाख्रा संख्या ४.८८ वटा पालिएका छन् । त्यसै गरी कुल घरधुरीमाऔसतमा ४.३५ कुखुरा, ०.६९ भैंसी, ०.४४ गाई र ०.२६ भेडा रहेको देखिन्छ (चित्र नं. ५)। कृषकसंग बाख्राको संख्या सबै भन्दा बढी छ र यसले घरपरिवारको आम्दानीमा समेत टेवा पु-याएको छ ।

चित्र नं. ५ प्रति घरधूरी औषत पशुपंक्षि संख्या



आर्थिक हिसाबले यहाँ बाख्रापालनलाई फाइदाजनक व्यवसायको रुपमा लिन सकिन्छ । यो व्यवसायमा लागेका युवा कृषक इन्द्र बहादुर सिंहको अनुभव अनुसार एक दम्पतिले ४० वटा माऊ बाख्रा पाल्न सक्ने र यसबाट वार्षिक रु. ४ लाख सम्म ग्रस आम्दानी (Gross income) लिन सकिने बताउछन् ।तर पशुपालन व्यवसायमा गुणात्मकसुधार भने अझै आउनसकेको छैन । पशुमा स्थानिय नश्लकै बाहुल्यता हुनु र आहार तथा गोठ व्यवस्थापनमा ध्यान नपुग्नु जस्ता कारणहरुले गर्दा पशुजन्य वस्तुको उत्पादकत्व न्यून रहेको छ र पशुपालनव्यवसाय अझै पनि आर्थिक उपार्जनको गतिलो आधार बन्न सकेको छैन । बाख्रापालन व्यवसाय अझै पनि चरनकै भरमा चलेको छ र उपलब्ध चरनक्षेत्रको पनि सुधार हुनसकेको छैन ।

## ९.५ कृषि तथा पशुजन्य वस्तुहरुको आयात तथा निर्यातको अवस्था

**तालिका नं. ४ निर्यातहुने कृषि तथा पशुजन्य वस्तुहरु**

| निर्यातहुने बस्तुहरु | इकाइ | परिमाण | प्रति इकाइ दर रु. | जम्मा रुपैंया |
|---|---|---|---|---|
| मकै | मे.टन | ८५.०० | २०००० | १७०००० |
| मकैकोबीऊ | मे.टन | ४०.०० | ३८००० | १५२०००० |
| मास | मे.टन | २७.५० | ११०००० | ३०२५००० |
| भटमास | मे.टन | ११.०० | ६०००० | ६६०००० |
| बेमौसमीतरकारी | मे.टन | ३०.०० | २५००० | ७५०००० |
| बर्षेआलु | मे.टन | ५०.०० | २५००० | १२५०००० |
| सुन्तला | मे.टन | १०.०० | ४०००० | ४००००० |
| ओखर | मे.टन | १.६६ | ३००००० | ४९८००० |
| खसी बोका | संख्या | ८१७५.०० | ९६२५ | ७८६८४३७५ |
| अलैंची | मे.टन | ०.७० | ७००००० | ४९०००० |
| टिमुर | मे.टन | ३७.३५ | ६५०००० | २४३७५००० |
| **जम्मा** | | | | **११३३५२३७५** |


*श्रोतः सिम्ता क्षेत्रमा कृषिजन्य वस्तुहरुको खरिद बिक्रिगर्ने व्यापारीहरुको तथ्याङ्कतथा छलफल*

तालिका नं. ५ आयातहुने कृषि तथा पशुजन्य वस्तुहरु

| आयात हुने प्रमुख कृषिजन्य बस्तुहरु | इकाइ | परिमाण (मे.टन) | प्रति इकाई खरिद दर | जम्मा मूल्य (रु.) |
|---|---|---|---|---|
| चामलमोटो | मे.टन | २७० | ३८००० | १०२६०००० |
| चामलमसिनो | मे.टन | १३ | ६०००० | ७८०००० |
| तेल | लिटर | १४००० | १२० | १६८०००० |
| प्याज | मे.टन | ६० | २७००० | १६२०००० |
| दाल | मे.टन | ४९ | १००००० | ४९००००० |
| तरकारी | मे.टन | | | |
| आलु | मे.टन | ५१ | २८००० | १४२८००० |

| | | | | |
|---|---|---|---|---|
| मैदारपिठो | मे.टन | ४५ | ४५००० | २०२५००० |
| फलफूल(केरा, अनार...) | मे.टन | २९ | ९०००० | २६१०००० |
| बदाम | मे.टन | २ | १३०००० | २६०००० |
| अण्डा | संख्या | ५८२८९ | १२ | ६९९४६८ |
| **जम्मा** | | | | २६२६२४६८ |


**१०. आर्थिक अवस्था:**सिम्ताक्षेत्रमापरम्परादेखि नै आर्थिक आधारकारुपमा रहेको कृषि क्षेत्रमा क्रियाशील श्रमशक्ति मध्ये करिब ५५ प्रतिशत कृषिक्षेत्रमा रहेको तथ्याङकले देखाएको छ ।यति ठूलो श्रमशक्ति कृषिमा संलग्न भएतापनि कुल आम्दानीमा कृषिक्षेत्रले २६ प्रतिशतमात्र योगदान पु-याएकोछ। (चित्र नं. ६)



चित्र. ६ सक्रिय जनसंख्या मध्ये कृषिमा आश्रित जनसंख्या तथा आम्दानी (प्रतिशतमा)

आम्दानीमा यो प्रतिशत संलग्न जनशक्तिको अनुपातमा एकदमै न्यून हो ।कृषिपेशामा सलंग्न किसानहरू नै चरम गरिवीमा रहेकाछन् र साना तथा निर्वाहमुखी किसानको पेशालाई व्यवसायिकिकरण गर्न सकिएको छैन ।


रोजगारीकोअभावमायुवाश्रमशक्ति बैदेसिकरोजगारीमापलायन भइरहेकाछन् । कृषिमा महिलाको संलग्नता बढेको देखिन्छ जसले गर्दा एकातर्फ महिलामा कामको बोझ बढेको छ भने अर्कोतर्फ महिलालेमात्र यहाँको



चित्र नं. ७ आर्थिक सम्पन्नताको अवस्था

कृषिकोअवस्थाबदल्न सम्भवछैन।गाउँपालिका भित्र उत्पादनहुनसक्नेकृषिउपजसमेतबाहिरबाटआयातगरिरहनुपरेकालेपरनिर्भरता अझ बढ्दैगइरहेकोदेखिन्छ ।अब ढिलोनगरी समयमानै गरिबी न्यूनिकरणहुने र रोजगारी सृजना हुन सक्ने विधि अपनाइ भूमिको वितरण प्रणालीमा सुधार गरी कृषि क्षेत्रको विकास गर्न आवश्यकछ ।

**११. खाध्य सुरक्षा को अवस्थाः**खाध्यान्न बाली उतपादनको हिसाबले पहिलो धान, दोस्रो मकै, तेस्रो गहुं र चौथो कोदो हो । समग्रमा सिम्ता गाँउ पालिकामा खाध्य सुरक्षाको हिसाबले हेर्दा आफ्नो उत्पादनले ९.९ महिना खाना





पुग्छ तर मकैको उपभोग गर्ने बानी घट्दै गएर हाल उत्पादनको करिब २०% मात्र उपभोग हुने किसानहरु बताँउछन् । एकातर्फ गाई-भैंसी पालनमा कमि आएको हुँदा दुध-दहिको उत्पादन घटेकाले मकैको उपभोगमा पनि कमि आएको हो भने अर्कोतर्फ आयातित चामलको बढ्दो उपभोग गर्ने बानी बढ्दै गएरहाल मकैखाने बानीमा कमि आएको कुरा कृषकहरु बताँउछन् ।

समय अवधिको आधारमा खाना पुग्ने र नपुग्ने अवस्था तालिका ६ मा दिइएको छ, जसअनुसार ३ महिना, ६ महिना, ९ महिना र १२ महिना सम्म खाना पुग्ने घरपरिवार क्रमशः १८, १४, १९ र १६ प्रतिशत रहेको छ भने ३३ प्रतिशत घरपरिवारको १२ महिना खाना पुगेर बचत रहन्छ ।


तालिकानं. ६ वडा अनुसार खाध्यान्नमा आत्मानिर्भरताको अवस्था

| वार्डनं. | ३महिना पुग्ने घरधूरी | ६महिना सम्म पुग्ने | ९महिना सम्म पुग्ने | १२महिना सम्म पुग्ने | १२महिनाभन्दा बढि पुग्नेघरधुरी | आफ्नोउत्पादनलेखा नापुग्ने मिहना |
|---|---|---|---|---|---|---|
| १ | ३० | १९६ | १९९ | ५१ | ६० | ७.८ |
| २ | १९० | १८९ | १२४ | ५० | ३४ | ५.७ |
| ३ | ११ | ७८ | २०२ | १८३ | १२९ | ९.८ |
| ४ | १९ | ३६ | ६७ | ७१ | २३९ | १३.६ |
| ५ | १७ | ३० | ५२ | ७६ | ३९७ | १६.६ |
| ६ | ३८५ | ४० | ८३ | १२९ | ३४८ | ९.० |
| ७ | २५ | ७२ | १२४ | १६१ | ३१२ | १२.४ |
| ८ | २६६ | ४५ | ४६ | ५९ | १४८ | ७.४ |
| ९ | ८६ | १२१ | १४६ | ११२ | १८४ | १०.६ |
| जम्मा | १०२९ | ८०७ | १०४३ | ८९२ | १८५१ | ९.९ |

यहाँका वडाहरुको खाध्य सुरक्षाको अवस्था एकै किसिमको छैन । वडा नंवर १ मा आफ्नो उत्पादनले खाना पुग्ने अवधि ६ महिना भन्दा कम छ भने वडा नंवर ५, ४ र ७ मा खाध्यान्न बचत देखिन्छ (तालिकानं.६)र अन्य वडाहरुमा भने औषत अंकको तल माथि रहेको छ ।




घरपरिवारको कूल खर्च मध्ये४२ प्रतिशत खर्च खानामा भएको देखिन्छ र बाँकि (चित्र नं. १०) ११, १०, ९, ७, ६, ५, ५, ३, १, १ प्रतिशत क्रमशः स्वास्थ्य, शिक्षा, चाडपर्व, कपडा, यातायात, व्याज, अम्मल, मोबाइल, चन्दा र पशु स्वास्थ्यमा खर्च भएको देखिन्छ ।




**१२. कृषि तथा पशुजन्य वस्तुहरुको आवश्यकता र उत्पादनः**हालैको सर्भेक्षण अनुसार खाध्यान्नको आवश्यकता ८४६२६ मुरी मध्ये ७३८२९ मुरी मात्र उत्पादन हुने र १०७९७ मुरी (५८२ मे.टन) खाध्यान्न अपुग देखिन्छ । यो अपुग खाध्यान्न हालको उत्पादनको करिभ १३ प्रतिशत हुनआँउछ । तर मकै उपभोगगर्नेबानी चामलमा सरेकाले चामलरपिठो जस्ता बस्तुहरु आयातमा आधारित हुंदै गएको अवस्था छ ।

**१३. पोषणको अवस्थाः** ग्रामिणक्षेत्रमा पोषणको अवस्था हेर्ने हो भने शरिरलाई चाहिने प्रोटिन, भिटामिन तथा लवणहरुकोकमीदेखिन्छ। विशेष गरि माहिला तथा बाल बालिकाहरु कुपोषणमा परेका छन् । एकातर्फ हालगाँउघरमा गाईभैंसी पालनमा आएको कमीका कारण दुग्धजन्य बस्तुहरुको उपभोग घटेको छ भने अर्कोतर्फ आय श्रोतको कमिकाकारण माछा मासु पनि कहिले काँहि वा बिशेष अवसरमा मात्र खाने अवस्था रहेको हुंदा पोषणको अवस्थामा खासै सुधार आउन सकेको देखिदैन । शरिरलाई आवश्यक पर्ने दाल, तरकारी, फलफूल, दुध तथा माछा मासु मध्ये धेरैजसो उपभोग्य वस्तुहरु किसान आफैले उत्पादन गरेर उपभोग गर्न सकिने अवस्था

हुंदाहुदै पनि यस तर्फ किसानको ध्यान त्यति पुगेको देखिदैन ।स्वस्थ खाना दिगो कृषिप्रणालीबाट उपलब्ध गराँउन आवश्यक देखिएको छ ।

**१४. प्रमुख खाध्यान्न बालीको उत्पादन र उत्पादकत्व बृध्दि दर:**२०६५/०६६ देखि २०७४/०७५ सम्म जम्मा ९ वर्षको अवधिमा खाध्यान्न बालीमा उत्पादकत्व १४.३२ प्रतिशतले बढेको छ भने उत्पादन चाहि ९ प्रतिशतले मात्र बढेको देखिन्छ । उत्पादन लागतसमेत नउठ्ने भएर घैयाधान खेतिगरिने क्षेत्रफल ८.८५ र कोदो खेतीगरिने क्षेत्रफल १८.४६ प्रतिशतले (तालिका नं. ७ ) घटेको देखिन्छ जसले गर्दा पनि उत्पादनमा खासै बृध्दि हुननसकेको हो।क्षेत्रफल घट्नुको कारणमा घैया धानखेती गर्न बढी मेहनत गर्नु पर्ने र यो खेती गर्दा ज्याला समेत नउठ्ने भएकाले हाल यसको खेतीमा कमी आएको छ ।चोल्पामा सधै पानी लाग्ने खेतहरु पनि बाँझिदै गएका छन् ।जमिन हुनेलेपनि ज्यालामा खेती गराएमा लागत समेत नउठने र जंगली जनावरले पनि क्षेति पु-याउने भएकाले ती खेतहरु बाँझो रहेका हुन् ।त्यसैगरी सो अवधिमा कोदोखेतीगरिने क्षेत्रफलमा ९१ हेक्टरले कमी आएको छ । कोदो खेतीमा कमि आउनुको कारण लगानीको तुलनामा आम्दानी नहुनु र जंगलि जनावरको बिगबिगी बढ्नु नै हो । कृषि तथ्याङक अनुसार सिम्तामा खेती गरिने क्षेत्रफल र उत्पादनको हिसाबले मकै पहिलो, धान दोस्रो, गहुं तेस्रो र चौथोमा कोदो पर्दछ ।हाल मकैखाने बानीमा कमी आएको र घैया धानखेती गर्न छाड्दै गएको हुंदा चामलको आयात बढेको देखिन्छ । गाँउघरमा दुध-दहिको उत्पादन घटेपछि खानामा मकैको उपभोग अतिकम हुने तथा पशुपंक्षिको दानामा प्रयोग गरेर बाँकी रहेको  मकै बिक्रि गरिन्छ । आवश्यक पूर्वाधारको कमी, मौसममा निर्भर खेती प्रणाली, उपयुक्त प्रविधि र लगानीको अभाव,जमिनको स्वामित्वको सानो आकार, जग्गाको खण्डिकरण जस्ताकारणहरुले गर्दापनि कृषिक्षेत्रको उत्पादकत्व बढ्न नसकेको देखिन्छ।यहाँकोआर्थिकबृध्दि र समग्रबिकासमा कृषिक्षेत्रको उत्पादकत्वमा निर्भर रहेको छ।

**तालिका नं. ७ खाध्यान्न बालीहरुको उत्पादकत्व, उत्पादन रखेतीगरिएको क्षेत्रफलमा आएको परिवर्तन**

| बाली | राकम सेवाकेन्द्रको कृषि तथ्याङ्क. २०६५/०६६ | | | सिम्ता गाँपालिकाको कृषि तथ्याङ्क २०७४-०७५ | | | नौवर्षकोअवधिमा फरक प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हेकटर) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे.) | क्षेत्रफल (हेकटर) | उत्पादन (मे.टन) | उतपादकत्व (मे.टन/हे.) | उत्पादकत्व | उत्पादन | खेतीगरिएको क्षेत्रफल |
| धान | १६८४ | ४००५ | २.३८ | १५३५ | ४१६१ | २.९६ | २४.४६ | ४ | (८.८५ |
| मकै | १८१७ | ४८४६ | २.६७ | १८१५ | ५४५३ | २.९९ | १२.१२ | १३ | (०.११ |
| कोदो | ४९३ | ४४८ | ०.९१ | ४०२ | ३७४ | ०.९३ | २.३८ | (१७ | (१८.४६ |
| गहुं | १२०६ | २८८१ | २.३९ | १२०६ | ३२८८ | २.७३ | १४.१३ | १४ | ०.०० |
| **जम्मा** | **५२००** | **१२१८०** | **२.३४** | **४९५८** | **१३२७६** | **२.६८** | **१४.३२** | **९.००** | **(४.६५** |

**१५. प्रविधिप्रयोगको अवस्था:**कृषिक्षेत्रमा उच्चप्रविधिको प्रयोगमा निकै ठूलो फड्को मारिसकेको अवस्थामा यहाँ भने प्रविधिले मानव जीवनमा परिवर्तन ल्याइरहेको छ र निकट भविश्यमा अझैबढी उच्च प्रविधिको प्रयोग हुने

अवस्था देखिन्छ ।तर यहाँ भने परम्परागत कृषि प्रविधि र प्रणाली मै भरपरेकाले पनि श्रमको उत्पादकत्व न्यून हुनगइ कृषकहरुको आर्थिक अवस्थामा सुधार आउन सकेकोछैन । बिकसित देशहरुमा माटोमा भएको चिस्यान र नाइट्रोजनको स्तर थाहापाउने सेनसर, मौसमको पूर्व जानकारी, सेटेलाइट इमेजिङग, रोबोटको प्रयोग, अनुवांसिक बिकास(GMO), ठाडो खेती(Vertical farming), ताजाउत्पादन छिटो र सस्तोमा ढुवानी गरेर घरमा पु-याउने जस्ता प्रविधिहरुको प्रयोग भइरहंदा पनि यहाँ भने खाध्यान्न बालिको बीउ प्रतिस्थापन दर ७—१० प्रतिशतको हाराहारिमा रहेको बुझिन्छ । त्यसैगरी भिरालो जमिनमा कृषि औजारहरुको प्रयोग गर्न नसकिने र गोरुले जोतेर कृषिमा प्रतिस्पर्धा गर्न सकिने अवस्था छैन। मौसमी वर्षाकोभरमा खेती गर्नु पर्ने हुंदा खेतबारी बाँझै रहेने जस्ता समस्याहरु कृषकले भोगिरहनु परेको छ ।आधुनिक कृषिमा कृषि तथा पशुजन्य वस्तु उत्पादन, बजारिकरण, प्रधोधन, वितरण जस्ता कार्यहरु पनि कृषिका अभिन्न अंगको रुपमा हेर्न सकिएको छैन ।

**१६. वातावरण परिवर्तनको प्रभावः**विश्वमा देखापरेको जलवायु परिवर्तनको प्रभावबाट सिम्ता गाँउपालिका पनि अछुतो रहनसकेको छैन ।काफलकोट, नाहगाँउ र दुर्पाल जस्ता ठाँउहरु सुन्तला खेतीकालागी प्रसिध्द स्थान थिए भने सिर्पामा सुन्तला हुदैनथ्यो । तर हाल पहिले हुने स्थानहरुमा सुन्तलाको खेती नहुने र नहुने स्थानमा (सिर्पा) भने यसको खेती भईरहेको छ। यसबाट पनि प्रष्ट हुन्छ कि सिम्तामा पनि तापक्रममा बृध्दि भएको छ र खेती प्रणाली तथा खेती पाक्ने समयमा प्रभाव पारेको छ । लामो समय सम्म खडेरी पर्ने, अतिबृष्टि/अनाबृष्टि हुने, पानीका मूहान सुक्ने तथा परम्परा दखि प्रयोगमा रहेका पोखरीहरु लोप हुदैजाने जस्ता वातावरणीय प्रभाव प्रत्यक्षरुपमा देखिएका छन् । त्यसै गरी भू-क्षय, खडेरी, बाढी, पहिरो, खोला किनार कटान जस्ता समस्याहरु पनि कृषकहरुले भोगिरहेका छन् ।

**१७. खुलासिमानाः**कृषिमा भारतले दिइराखेको अनुदानले गर्दा सस्तो भारतीय उत्पादन खुला सिमानाका कारण सजिलै नेपाल भित्रिनुले कम अनुदान पाएका यहाँका किसानलाई प्रतिस्पर्धा गर्न कठिन पर्दै जाने भएकाले यहाको कृषि वस्तुकोबजार गुम्ने र बेमौसममा उत्पादित वस्तु निर्यातमा रोक लगाउनुले किसाननै विस्थापितहुने सम्भावनाबढ्ने देखिन्छर उत्पादक, बिक्रेता र उपभोक्ताले स्थानिय उत्पादनलाई प्राथमिकता नदिएकाले सहरबाट गाउँ भित्राउनुपर्ने पैसा कृषिउपज आयातको नाममा भारततिर गईरहेको छ।

**१८. बाहिरी बजारमा प्रवेशपाउने चुनौतिः**यहाँ खसी र टिमुर बाहेक अन्य कृषिजन्य वस्तु बाहिरीबजारलाई लक्षितगरी हालसम्म व्यवसायिक उत्पादन भएको छैन र किसानको बाहिरी बजारसम्म पहुँच र प्रभाव पुग्न सकेकोअवस्था पनि देखिदैन । त्यसैले अब उत्पादन हुने वस्तुहरुकोलागी अरुले ओगटेको बजारमा प्रवेश पाउनु भनेकै प्रमुख चुनौति हुन सक्छ ।

**१९. व्यवस्थापकिय कमजोरीः**कतिपय युवाहरु कृषि पेशामा आकर्षित भएर पनि या त असफल हुने वा ढिलोगरी सफल हुने देखिएको छ । त्यसको पछाडिको मुख्य कारण व्यवस्थापकिय कमजोरी नै हो । कृषि फार्महरुको व्यवस्थापन सबैभन्दा महत्वपूर्ण पक्ष हो तर यही पक्ष सबैभन्दा बढी ओझेलमा परेको देखिन्छ । कृषकहरुले दिगो रुपमा व्यवस्थित तरिकाले उत्पादन र बजारीकरण गर्न सकिरहेको देखिदैन ।

## २०. कृषिक्षेत्रमा देखापरेका समस्या एवं चुनौतिहरुको विश्लेषण

सिम्ता गाँउपालिकामा सक्रिय जनसंख्यामध्ये ५५ प्रतिशत जनसंख्याको जिबिकोपार्जनसँग जोडीएको कृषिक्षेत्र बिकासको प्राथमिकतामा पर्न नसक्दा पछाडी परिराखेको छ। ग्रामिणक्षेत्रको कृषिलाई आधुनिकिकरण र ब्याबसायिकरण गर्दै कृषि उत्पादन मार्फत सहरको पैसा गाउँमा भित्र्याउने तर्फ ध्यान दिईएको छैन ।बिगतको तथ्यांकलाई हेर्ने हो भने यहाँको कृषिक्षेत्रले खासै प्रगति हाँसिल गर्न सकेको देखिदैन, युवाहरु कामको खोजीमा बिदेशिएका छन्, कृषकहरु अन्य बिकल्पको खोजी गरिरहेका छन |अधिकांश आकासको भरमा खेती हुने जमिनहरु बाँझिने क्रममा छन् त्यसैले खाध्यान्नमा सिम्ता गाँउपालिका आत्मनिर्भर हुन सकेको छैन।कृषि पेशामा लागेका कृषकको कृषिमा रुचि देखिदैन, बरु यो बाध्यात्मक पेशाजस्तो बनेको छ। जमिनमा स्वामित्व हुनेहरु पनि खेती गरेर लगानी नउठ्ने देखेर खेती गर्न छोडेका छन् ।

कृषि औजारको नाममा कृषकसँग हलो, कोदालो र हँसिया छ। बर्षमा केहि दिन मात्र जोत्न ३६५ दिन गोरु पाल्नु पर्ने बाध्यता छ। सिंचाई , लगानी गर्ने पैसा , उन्नत बिउ, मल तथाप्रविधि सिकाउने प्राविधिक को कमी छ, किन्ने बजार छतर बेच्ने बजार छैन । परिवर्तित वातावरणको प्रभाव स्वरुप खडेरी, अति-बृष्टि, भू-क्षय, खोला किनार कटान जस्ता प्राकृतिक प्रकोप कृषकहरुले भोगिरहेको अवस्था छ । कृषिको अहिलेको यो अबस्थाबाट आत्मनिर्भरको बाटो तय गर्नुआवश्कछ।

कृषि क्षेत्रलाई आधुनिक र व्यावसायिक बनाउने एवं उत्पादन र उत्पादकत्व वृध्दि गर्ने विषयले प्राथमिकता पाउँदै आएको भएपनि हालसम्म यहाँको कृषिक्षेत्रको बृध्दिदर सन्तोषजनक छैन । सिम्ताको तथ्याङक अनुसार २०६५/०६६ देखि २०७४/०७५ सम्म करिब ९ वर्षको अवधिमा कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर करिब २ प्रतिशतको हाराहारि भएबाट पनि यसको पुष्टि हुन्छ । यहाँ परम्परागत निर्वाहमुखी कृषि पद्दति र खेतीप्रणालीको ढाँचामा परिवर्तन ल्याउन सकिएको छैन । यसो हुनुको प्रमुख कारण यहाँको कृषिक्षेत्र आधुनिक र व्यावसायिक नहुनु नै हो ।बिगतमा कृषिक्षेत्रमा रहेका बिभिन्न समस्याहरुको उचित सम्बोधन हुनसकेको छैन ।यातायात, सिंचाइ,गोदामघर, शीतभण्डार, बीउ भण्डार, चिस्यान केन्द्र, कृषि बजार, कृषि सूचना केन्द्र जस्ता कृषिसम्बन्धि पूर्वाधारहरुको पर्याप्त विकास हुन सकेको छैन । कृषकहरुमा उद्यमशीलताको अभाव छ रउनिहरुमा खान पुगेहुन्छ भन्ने मानसिकता विध्य्मान रहेको देखिन्छ । कृषियोग्य भूमि क्रमशः बाँझोराख्ने प्रवृत्ति बढ्दै गएको छ।र परम्परागत अंशबण्डा प्रणालीलगायतका कारण जग्गामा भइरहेको अनियन्त्रित खण्डीकरणले कृषि उत्पादनमा ह्रास आउने जस्ता समस्याहरु पनि छन् । यहाँको कृषिक्षेत्रको बिकास हुननसक्नुको प्रमुख कारणमध्ये स्थानिय सम्भावनाको आधारमा दूरदर्शी योजनाको अभाव, नैतिकता र सुशासनको कमी हुनु हो । यसबाहेक कृषिक्षेत्रको व्यवसायिकरणमा जोड नदिनु तथाआर्थिकरुपमा देशका अन्य भागहरुसंग जोडिना नसक्नु, तराइका बजारसम्म कृषिउपजको पहुंच नपुग्नु, सुशासन र पारदर्शीताको कमी हुनु,कार्यान्वयन पक्ष कमजोर हुनु तथा उद्यमशील संस्कृतिको विकास हुन नसक्नु नै समस्याको प्रमुख जड हुन् । पुरानो सोच, पुरानो व्यावसायिकता एवं पुरानै ढङ्गको कृषि विकासको कार्यप्रणालीले अन्य क्षेत्रको तुलनामा पछि पर्दै गइरहेको अवस्था छ । युवा विदेश पलायन हुनुका प्रमुख कारणमा रोजगारीको अभाव नै हो । सिम्तामा परिश्रमी, प्रविधिमुखी, उद्यमी तथा उद्योगी बन्नुपर्छ भन्ने संस्कारको विकास पनि हुन सकेको छैन । त्यसैले समाजमा उद्यमशीलतामुखी विचार, चिन्तन तथा तालिमको

खाँचो देखिन्छ ।सीपमूलक, दक्ष र योग्य जनशक्तिको कमी छ।कतिपय दक्ष एवं योग्य जनशक्ति पनि रोजगारको अभावका कारण विदेश पलायन भइरहेका छन् ।

## २१. सिम्तामा देखिएका समस्या तथा चुनौतिहरु बुंदागतरुपमा प्रस्तुति

- स्थानिय सम्भावनाको आधारमा दूरदर्शी योजनाको अभाव हुनु र कार्यानवयन पक्ष कमजोर हुनु ।
- कृषियोग्यभूमिक्रमशः बाँझो राख्ने प्रवृत्ति बढ्दै जानु तथा परम्परागत अंशबण्डा प्रणालीका कारण जग्गामा भइरहेको खण्डीकरणले कृषि उत्पादनमा ह्रास आँउनु ।
- निर्वाहमूखीकृषि पध्दतिमा कृषिजन्य वस्तुको उत्पादकत्व न्यून तथा अस्थिर हुनुले आफुलाई चाहिने खाध्य वस्तुको अभाव बढ्दै जानु ।
- कृषि पेशामा सलंग्न किसानहरू नै चरम गरिवीमा हुनु र साना तथा निर्वाहमुखी किसानको पेशालाई व्यवसायिकिकरण गर्न नसक्नु ।
- भू—धरातलीयस्वरुपकाकारणसबैक्षेत्रकोकृषिकार्यमानवीनप्रविधिकोअनुसरणमासमस्याहुनु, जस्तैभिरालो खेतबारी जोत्नमा ट्याक्टरको प्रयोग हुन नसक्नुको कारण कृषिक्षेत्र पर्तिस्पर्धी बन्न नसक्नु ।
- कृषिकार्यमालगानीगर्नपर्याप्तपुँजी र प्राविधिक सहयोगको अभाव रहनु र कृषकहरुसम्म पुग्नेगरी सरकारी लगानी न्यून हुनु तथा कृषकहरुले कृषि कार्यकै लागि सहज र सहुलियत रुपमा ऋण प्राप्त गर्नसक्ने गरी किसानमुखी बैंक तथा वित्तीय संस्थाहरुको पनि अभाव हुनु ।
- खेतीलगाउनेबेलामा गुणस्तरयुक्त मल, बीउ, विषादी आदिको अभाव हुनु र उत्पादनपछि कृषि उपजहरुको बजार नहुनु ।
- उत्पादित वस्तु बिक्रिमा धेरै तहका बिचौलिया हुने हुंदा किसान शोषणमा परेको देखिन्छभने आम उपभोक्तासमेत मूल्यवृद्धिको चपेटामा पर्न बाध्य हुनु ।
- कृषिव्यवसायलाई उचित अवसर नमिल्नु र कृषि पेशालाई हालसम्म सम्मानित पेशा बनाउन नसक्नु।
- उत्पादन गरिएको वस्तुको भण्डारणमा उचित व्यवस्थासमेत नहुनेभएकोले किसान आफ्ना उत्पादन मिहिनेतको मोलसमेत नउठ्ने मूल्यमा बेच्न बाध्य हुनु ।
- उचित मात्रा नमिलाई प्रयोग भएको रासायनिक मलको कारणले माटोको खस्किँदो गुणस्तर, बदलिँदो मौसमचक्र, घट्दो खेतीयोग्य जमिन, भएको जमिन पनि बाँझो छाड्ने कारणले उत्पादन अपुग हुन पुगेको अवस्थामा 'ग्लोबल वार्मिङ÷ जस्ता कारणबाट सिर्जित परिस्थितिले गर्दा उत्पादकत्वमा बृध्दि गर्न पनि चुनौतीको रूपमा रहने सम्भावना बढ्नु ।
- समाजमा बढ्दो वेरोजगारी, कामको कदर नगर्ने संस्कार, त्यसै बरालिने बानी, कुलतमा लाग्ने जस्ता सामाजिक बिकृतिहरु बढ्दै जानु ।
- युवा जनशक्ति विदेश पलायन हुनु र यहाँ रहेका युवाहरुको पनि कृषि पेशाप्रति आकर्षण घटेर कृषि उत्पादनमा ह्रास आउनु,फलस्वरुप शिक्षितहरु बेरोजगार भएर रोजगारीको खोजी गर्नु र कृषि क्षेत्रमा दक्ष जनशक्तिको अभाव हुनु ।
- अधिकांश आकासको भरमा खेतीहुने जमिनहरु बाँझिने क्रममा रहेकोहुंदाखाध्यान्नमा सिम्ता गाँउपालिका आत्मनिर्भर हुन नसक्नु,कृषि पेशामा लागेका कृषकको पनि कृषिमा रुचि नदेखिनु, बरु कृषिपेशाएक

बाध्यात्मक पेशा जस्तो बन्नु र जमिनमा स्वामित्व हुनेहरु पनि खेती गरेर लगानी नउठ्ने देखेर खेती गर्न छाड्दै जानु ।

- कृषि पेशालाई प्राथमिकता नदिइनु, कृषि कर्मलाई सम्मान नगरिनु, पूर्वाधारको कमीले कृषिको विकास हुन नसक्नु र मौसमी खेतीमा भर पर्नु जसले गर्दा उच्चतम उत्पादन लिन नसक्नु तथा उत्पादन लागत पनि बढी लाग्ने हुँदा कृषिक्षेत्र पर्तिस्पर्धी बन्न नसक्नु ।
- सानो परिणाममा टुक्रे जमिनमा सबै किसिमका कृषि बाली लगाउने किसानको परम्परातथाहाल सम्म गरेका बिकास प्रयासहरु त्यति प्रभावकारी हुन नसक्नु ।
- कृषिक्षेत्रकोउत्पादकत्वअत्यन्तन्यूनहुँदाउत्पादनले आन्तरिकमाँग पुर्तिगर्ननसक्नुयहाँ उत्पादन हुने बस्तु पनि बाहिरबाट आयात हुनु र पहिले उपभोग गरिदै आएको मकै खानेबानी समेत आयातित चामलमा सरेको हुंदा पनि परनिर्भरता अझ बढ्नु ।
- कृषि क्षेत्रका तथ्यांकहरूमा पुरै भर परेर नीति वनाउन सकिने अवस्था छैन । जिम्मेवारीको अभाव रहेकाले के नतिजा निकाल्ने भन्दा पनि कति लक्ष्य राख्ने र काम सके पछि नतिजा नहेरिने परिपाटीले बिकासले चाहेको प्रतिफल दिएको छैन ।
- कृषिका लागि प्राकृतिक वातावरण जति नै राम्रो भए पनि कृषिका पूर्वाधारहरु जस्तै; सिचाई, सडक, संकलन केन्द्र, भण्डारण आदिको कमीले कृषिको विकास हुन नसक्नु ।
- उत्पादित वस्तुको भर पर्दोबजार तथा उचित मूल्य नपाउनु ।
- कृषकहरुको व्यक्तिगत तथा संस्थागत क्षमता कमजोर हुनु ।

## २२. कृषिक्षेत्रमा देखिएका अवसरः

सिम्तामा प्रशस्त अवसर सहितको कृषिक्षेत्र रहेको छ । अर्थतन्त्रलाई सबल, दिगो र सक्षम बनाउन स्थानिय तहले गहिराइमा गएर सोच्नुपर्ने भएको छ ।कृषिमा आधुनिकिकरण, व्यावसायिकरण तथा दिगो कृषि बनाउन सकिने प्रशस्त सम्भावनाहरु पनि रहेका छन् । यस्ता संभावनाहरुको सही र विवेकसम्मत सदुपयोग हुनसकेमा समस्याहरु निराकरण गर्न सकिने अवस्था छ ।

सिम्ताजस्तो विविधतायुक्त धरातल र जलवायु भएकोठाँउमा कृषि बालीहरुमा विविधीकरण गरी पर्याप्त फाइदा लिनसक्ने संभावना छ । विविध भू-धरातलएवं यहाँ पाइने फरक-फरक सुक्ष्म-जलवायुलाई दृष्ट्रिगत गरी तुलनात्मकरुपमा बढी लाभ प्राप्त हुने बहुखेती प्रणाली, नगदेबाली, पशुपालन, फलफूल र वेमौसमी तरकारी खेतीजस्ता व्यावसायिक पध्दतिलाई अवलम्बन गर्न सकिन्छ । यहाँ उपलब्ध जलस्रोतको उपयोगमार्फत सिंचाइ प्रणालीलाई व्यवस्थित बनाई कृषि उत्पादनमा बृध्दि गर्न सकिन्छ ।

सिम्ताकोकृषिक्षेत्रमा केहि कामको शुरुवात भएको छ। खसी, टिमुर, वर्षे आलुमा आत्मनिर्भर मात्र होइन निर्यात उन्मुख छ, केहि कृषकहरु ब्यबसायिक तरकारीखेति गर्न अग्रसर भएकाछन् । खाध्यान्नमा धान बालीमा उन्नत तथा हाइब्रिड बीउको प्रयोगगर्ने जस्ता केहि प्रगतीभएको देख्न सकिन्छ ।

खेतियोग्य जमिनमा समयमा उन्नत जातको बिउ तथा मल उपलब्ध गराउने, सिंचितक्षेत्रको बिस्तार गर्ने र प्रविधिको प्रयोग गर्नसक्योभने अहिले कै अवस्थामा पनि खाद्यान्नमाआत्मनिर्भर हुनसकिन्छ । सहज कृषिकर्जा,

यान्त्रिकरण, प्रविधिको प्रयोग, सुनिश्चित बजारीकरण र कृषिमा ब्यबसायिकरण गरिएमा आत्मनिर्भर हुन लामो समय लाग्दैन । तर अहिलेकैगति र कार्यान्वयनको अवस्थाले भने कृषिमा आत्मनिर्भर हुन अझ बढी समय लाग्न सक्छ।

परम्परागतरुपमाअपनाउँदै आएका मौलिक प्रविधिहरुलाई विकसित प्रविधि र ज्ञानसँग जोड्नसकेमा मौलिकतालाई कायम राख्दै कृषि क्षेत्रलाई आधुनिकीकरण गर्न सकिने सम्भावना पनि रहेको छ । यसैगरीसिम्तामा कृषि सडकहरुकोविस्तार भइरहेको हुँदा कृषि उपजको बजार फराकिलो पार्न र मल, बीउ-बिजन आदिसहजरुपमा उपलब्ध हुनसक्छ । भूमिको उचित उपयोग गर्ने सोचमा कृषकहरुको सकारात्मक परिवर्तन आउन थालेको छ । यहाँका कृषि उत्पादन जस्तै वर्षे आलु, सुन्तला, ओखर, वेमौसमीतरकारी आदि तराईका बजार सम्मर खसी तथा टिमुर काठमाणडौ, पोखराका बजारमा लोकप्रिय भई राम्रो स्थान लिनसक्ने संभावना कायमै रहेको छ । खुल्ला बजारको परिवेशअनुकूल कृषिक्षेत्रलाई व्यवसायीकरण तथा विविधीकरण गरी तुलनात्मक लाभको माध्यमबाट सक्षम बनाउनसके यसबाट धेरै फाइदा लिनसकिन्छ ।

मसला बालीमा अदुवा, बेसार, लसुन र अलैंची बाली तथा फलफूलमा किवि, ओखर, सुन्तला, कागति, अम्बा, एभोकाडो जस्ता बालीहरुको प्राँगारिक उत्पादन गरि स्वस्थ वस्तु उपलब्ध गराउन सकिने छ ।

देशमा संविधानको निर्माणपश्चात् राजनीतिक स्थिरता कायम भएकाले कृषिक्षेत्रको तीव्र विकास हुनसक्ने र सरकारको नियामक क्षमतामा अभिवृद्धि भई कृषकहरुमाथि भइरहेको आर्थिक शोषणको समाधान हुनसक्ने सम्भावना पनि रहेको छ ।

संघिय सरकारले कृषिलाई गरिवी निवारण, वेरोजगारीको अन्त्य र खाध सुरक्षाको रूपमा विकास गर्ने र कृषिको उत्पादन बढाएर सबल अर्थतन्त्र निर्माण गर्न कृषिको ब्यवसायिकरण, यान्त्रिकिकरण, उच्च मुल्यका कृषि उपजहरूको निर्यात बृद्दि गर्ने र कृषि उत्पादनको बहुउपयोग हुने गरी उत्पादनमा विविधिकरण तथा मुल्य श्रृखंलामा बृद्दी गर्ने नीति अख्तियार गरेको छ त्यसैले पनि गाँउपालिकाको उध्देश्य पुरा गर्न सहजहुने छ ।

सिम्ता गाँउपालिका अन्तरगत कृषिक्षेत्रमा राज्य बाहेकका राष्ट्रिय, अन्तर्राष्ट्रिय विकासका साझेदार संस्थाहरुमा उच्च मुल्य कृषि परियोजना (HVAP), प्रधानमन्त्री आधुनिकिकरण परियोजना तथा किसान आयोजना(KISAN Project)को सहयोग, लगानी र चासोमा भइरहेको वृद्धि पनि यस क्षेत्रका लागि फलदायक बन्न सक्छ ।

## २३. सिम्तामा उपलब्ध अवसर तथा सबलपक्षहरु बुंदागतरुपमा प्रस्तुति

- आर्थिकरुपले सक्रिय जनसंख्याको ५५ प्रतिशत जनसंख्या कृषि पेशामा संलग्न हुनु जसले गर्दा कृषिको बिकास गर्न सहज हुनु ।
- कृषिको बिकास स्थानिय सरकारलेगर्न सक्ने अधिकार पाएकाले आफ्नो क्षेत्रको आवश्यकता अनुसार कृषिकार्यक्रम संचालन गर्न सक्ने अवस्था सृजना भएको ।
- सिम्तामा विविध भू-धरातल तथा हावापानी उपलब्ध भएकाले तुलनात्मक लाभका कृषि तथा पशुजन्य वस्तुहरुमा व्यवसायिकरण गर्न सकिने सम्भावना उपलब्ध हुनु ।
- वेमौसमी तरकारी, फलफुल, वर्षे आलु, बीउ उत्पादन बाख्रा पालन आदिको बजार माग बढ्दै जानु र यहाँ यी वस्तुहरुको व्यवसायिक उत्पादन गर्न सकिने सम्भावना हुनु ।

- उपलब्ध कृषि प्रविधिको प्रयोग, बाली प्रणालीमा सुधार, सिंचाई क्षेत्रको बिस्तार आदि द्वारा कृषिको उत्पादकत्व र उत्पादन बृध्दि गर्न सकिने सम्भावना हुनु ।
- सिंचाई बिस्तारको लागि पानीका श्रोतहरु उपलब्ध हुनु ।

## २४. व्यवसायिकरणका लागी तुलनात्मक लाभका वस्तु पहिचानः

**२४.१ वेमौसमी तरकारीः**जनसंख्या बृध्दि,चेतनाको बिकास र बढ्दो शहरीकरणका कारण मानिसहरुमा तरकारीको उपभोग र माग दिन प्रतिदिन बढिरहेको छ । त्यसमा पनि तराईका शहरहरुमा बढी जनसंख्या भएकाले त्यहां तरकारीको माग पनि बढी नै हुन्छ । तराईमा बैशाख देखि कार्तिक सम्म धेरैजसो तरकारीहरु उत्पादनको लागी उपयुक्त हावापानी नहुने हुंदा सो समयामात्यहांका बजारहरुमा तरकारीको उत्पादन  अपुग हुन्छ । तर सिम्ताजस्तो मध्य-पहाडमा भने सोही समयमा तरकारी उत्पादन गर्न सकिने हावापानी उपलब्ध हुने भएकाले उक्त अवधिमाबिभिन्न तरकारिहरु उत्पादन गरी तराईका बजारहरुमा बढी मूल्यमा बिक्रि गरेर तुलनात्मक लाभ उठाई कृषकहरुको आम्दानी बढाउन सकिन्छ ।यो गाऊँपालिका छिन्चु-जाजरकोट सडकले जोडिएको हुंदा यहाँको उत्पादन तराईका बजार सम्म पु-याई बिक्रि गर्न गा-हो छैन ।बसन्ते मौसममा उत्पादन गर्न सकिने तरकारी हरुमा  फूलगोभी, भेडे खुर्सानी, गोलभेडा, खुर्सानी, सिमी, बोडी, करेला, साग, आदि हुन् भने वर्षे तरकारीहरुमा गोलभेडा, काउली, बन्दागोभी, भेडे खुर्सानी, सिमी, करेला, मूला आदि हुन् । त्यसै गरी सरद ऋतुमा उत्पादन हुने तरकारीहरुमा गोलभेडा, काउली, बन्दा, करेला, सिमी, केराउ, मूला गाजर आदि हुन् ।

**२४.२ वर्षे आलुः** जेठ देखी स्रावण सम्म उत्पादन हुने ताजा आलुको माग र मूल्य तुलनात्मक रुपमा अन्य मौसममा उत्पादित आलु भन्दा बढी हुने हुंदा सो समयमा उत्पादन गरेर बाहिरी बजार सम्म पु-याई आम्दानी बढाउन सकिन्छ भने बाहिरबाट आयात हुने आलु प्रतिस्थापन भै पैसा बचत गर्न सकिन्छ ।नेपालमा आलु धेरैजसो तरकारीकोरुपमा अत्यधिक प्रयोग गरिने वस्तु हो । गर्मी ठाँउमा आलुको खेती हिउदमा गरिन्छ भने चिसो हावापानी हुने स्थानहरुमा यसको खेती वर्षायाममा गर्न सकिन्छ । तराईमा उत्पादन गरेर भण्डारण गरेको आलु जेठ-आषाढ सम्म अलि गुलियो हुनेहुंदा बढी मूल्य तिरेर पनि उपभोक्ताहरुले लेकमा तयार भएको ताजा आलु बढि मन पराउछन् । त्यसैले बर्षे आलु तुलनात्मकरुपमा बढी लाभ भएको वस्तुमा पर्दछ । सिम्तामा बर्षे आलु खेतिकालागि डाडाखाली, घिमाने र मुङग्रे उपयुक्त स्थान मानिन्छन् । हाल सम्म बर्षे आलु बिक्रिको समस्या देखिएको छैन तर उत्पादकत्व भने कम देखिन्छ । आलु खेतीको क्षेत्रफल बढाउने, गुणस्तरयुक्त बीऊ उपलब्ध गराउने तथा आलुखेती व्यवस्थापनमा कृषकहरुले सुधार ल्याउने जसता कुराहरुमा ध्यान दिने र आलु पछि बढि फाईदा हुने बेमौसमी तरकारी खेति गर्ने गरेमा यी दुबै बालीबाट राम्रो लाभ लिन सकिने छ र यहाका कृषकहरुको आर्थिक अवस्थामा सुधार ल्याउन सकिन्छ ।

**२४.३ फलफूलः** फलफूलमा केरा, स्याउ, अनार, अंगुर आदि फलफूल बाहिरबाट आयात भइरहेको अवस्था छ । यी मध्ये केरा र अनार खेती यहाँ उत्पादन हुन सक्छ, त्यसैले केरा तथा अनारको व्यवसियिक खेती गरेर आन्तरिक माग पुरा गरी आयात घटाउन सकिन्छ भने सुन्तला, कागती, ओखर, लिची, अम्बा, हलुवाबेद, एभोकाडो, किविफलआदिको व्यवसायिक खेती गरेर बाहिरी बजार सम्म पु-याई बढी मूल्यमा बिक्री गर्न सकिन्छ । त्यस्तै गरेर भूई ऐंसेलु, सिउडि फल तथा तरभुजा जस्ता फलहरुको पनि खेती गर्न सकिन्छ ।

**२४.४ बाख्रा पालनः** सिम्ताको खसीले राष्टिय स्तरको बजारमा समेत ख्याती पाईसकेको अवस्था छ र अझै खसीको राष्टिय माग पुरा हुन सकेको छैन। सिम्तामा बाख्रापालनको लागि उपयुक्त हावापानी र चरणक्षेत्र रहेकोछ। यहाँ हाल प्रतिघरधूरी औषत ४.८८ वटा बख्रा रहेको देखिन्छ र यसले घरपरिवारको आम्दानीमा टेवा पु-याएको छ । आर्थिक हिसाबले बाख्रापालनलाई फाइदाजनक व्यवसायको रुपमा लिन सकिन्छ । यो व्यवसायमा लागेका युवा कृषकको अनुभवले पनी के देखाएको छ भने एक दम्पतिले ४० वटा माऊ बाख्रा पाल्न सक्छन् र यसबाट वार्षिक ५ लाख सम्म ग्रस आम्दानी (न्चयकक ष्लअक्रभ० लिन सकिन्छ । तसर्थ बाख्रा पालन व्यवसयलाई ठाउँ सुहाउदो बाख्राको जात उन्नत तरिकाले व्यवसायिकरुपमा पालन गरेमा यहाँका कृषकहरुको आयमा बृध्दि गर्न सकिने राम्रो अवसर रहेकोछ ।बन्दिपुर, गुमी लगयत नेपालका बिभिन्नभागहरुमा प्राप्त गरेको अनुभव अनुसार बोयर बाख्राको जातको उत्पादन क्षमता बढी हुन्छ । यहाँको स्थानिय खरी जातसंग क्रस गरेर प्राप्त हुने ५०% बोयरजात बाख्रापनि स्थानिय खरी जात भन्दा करिब २५% सम्म बढी उत्पादन भएको नतिजा प्राप्त भएको छ ।

**२४.५ मसला बाली**ःसिम्ताका केहि स्थानहरुमा राम्रो हुने मसला बालीहरुमामा लसुन, प्याज, अदुवा, बेसार र अलैंची हुन् । यी मध्य लसुन, अदुवा र अलैंची बढी मूल्य जाने बालीहरु हुन भने बेसार खेती बाझो रहेका जमिन तथा जंगली जनावरको प्रकोप हुने स्थानहरुमा यसको खेती गरेर आम्दानी लिन सकिन्छ । प्याज  धेरै जसो समय आयात हुने वस्तुमा पर्दै गइरहेको हुंदा प्याजको आयात प्रतिस्थापन गर्न आवश्यक छ ।

**२४.६ अलैची**ःसिम्ताको वडा नंबर दुई काफलकोट र नाहगाउमा पहिले देखिनै अलैंची खेती गरिदै आएको देखिन्छ र यहाँको उत्पादकत्व ३० के.जी. प्रती रोपनी हुने कुरा खेती गर्ने कृषकहरुले बताँउछन् । बालीको अवस्था हेर्दा यो स्थान अलैंची खेतीकोलागि उचित देखिन्छ । अलैची कम आयतन बढी मूल्य भएको बस्तु हो र यसलाई केहि समय भण्डारण गरेर राख्न सकिने हुंदा यसम जोखिम पनि कम छ । हाल वार्षिकरुपमा ७०० किलो ग्राम सम्म बाहिर निकाशी हुने र पाँच लाख बराबर आम्दानी भित्रिने देखिन्छ । उत्पादन तथा आर्थिक दुबै हिसाबले अलैंची खेती राम्रो भएतापनि  उत्पादन पछि गरिने प्रशोधन कार्यहरु जस्तै  ठिक समयमा टिप्ने, सहि तरिकाले सुकाउने र उचित भण्डारणको व्यवस्थापन नभएको कारण अलैंचीको गुणस्तर राम्रो छैन र कम मूल्यमा बिक्रि गर्नु पर्ने बाध्यता छ । यहाँ अलैंची खेतीको मूल्य सृङ्खला बिकाश गरि व्यवसायिकरुपमा बिस्तार गरिएमा कृषकहरुको आर्थिक अवस्थामा सुधार ल्याउन सकिने देखिन्छ। गैरकाष्ठ वन पैदावरः सिम्तामा गैरकाष्ठ वन पैदावरमा टिमुरसबै भन्दा राम्रो आम्दनी हुने वस्तु हो । यहाँको टिमुर राम्रो गुणस्तरको हुने हुंदा राष्टिय तथा अन्तरराष्टिय बजारमा समेत बिक्रि बितरण हुंदै आइरहेको छ । तसर्त टिमुर खेतीको बिस्तार तथा व्यवस्थापनमा ध्यान दिएमा यसबाट हुने आम्दनी अझ बढाउन सकिने सम्भावना छ ।

**२४.७ च्याउ**ःबैशाख देखि कार्तिक महिना सम्म सिम्ताका चिसो स्थानहरुमा च्याउ उत्पादन गरेर तराईका बजार सम्म उपलभ्ध गराउन सकिएमा यसले राम्रो मूल्य पाउँन सक्छ ।

**२४.८ उच्च प्रविधियुक्त खेती**ःउच्च प्रविधिको प्रयोग गरेर उत्पादन गर्न सकिने बालीहरुमा गोलभेडा, रंगीन भेडेखुर्सानी र च्याउ तथा फूलमा भूई ऐसेलु तथा फूल खेती हुन । यी वस्तुहरु गुणस्तरयुक्त हुने हुंदा होटेलहरुमा उच्च मूल्यमा बिक्रि गरी आम्दानी बढाउन सकिन्छ । उच्च प्रविधियुक्त नर्सरी स्थापना गरी गुणस्तरयुक्त विरुवा कृषकहरुलाई उपलब्ध गराँन सकिन्छ ।

**२४.९ माछा पालनः**बदलिदो रहन सहन र खानपिनका साथै यहाँ पनि माछाको उपभोग बढेको दखिन्छ । हालसम्म भेरी नदी तथा खोलाहरुमा प्राकृतिकरुपमा पाइने माछा मार्ने र तराईबाट आयात हुने माछा बाट आपूर्ति भएको देखिन्छ । सिम्ताको तल्लो भू-भाग अलि गरम हुने र पानी पनि उपलब्ध भएकाले माछा पालन गरेर आयात प्रतिस्थापन गर्न सकिने छ । वडा नंवर ७ को गोजी देखी घलेना सम्म ३५ रोपनी र वडा नंवर १ को अदेलामा १५ रोपनी जमिन सिमसार खेत रहेको देखिन्छ । यी खेतमा धान खेती गर्दा वार्षिक रू ३ लाख आम्दानी हुन्छ भने व्यवस्थित रुपमा माछा पालन गर्दा सोहि जमिनबाट रू. १५ लाख सम्म आम्दानी लिन सकिने देखिन्छ । त्यसैगरी नाहगाँउको राक्सी खोला आसपासमा ट्राउट माछा पालन गरेर महंगोमा बिक्रि गर्न सकिने सम्भावना पनि रहेको छ ।

**तालिका नं. ८तुलनात्मक लाभका वस्तु पहिचान**

| बाली | उत्पादनके.जी./रोपनी) | खेती गर्दालागेको नगद खर्च (रु.) | बिक्रि मूल्यरु. प्रति के.जि.) | ग्रस मार्जिन(Gross Margin) | मकै संग ग्रस मार्जिन अनुपात |
|---|---|---|---|---|---|
| बेमौषमीतरकारी | ७५० | ३५०० | २२ | १३००० | ५.६५ |
| वर्षेआलु | ६०० | ५००० | २५ | १०००० | ४.३५ |
| लसुन | ३०० | १००० | ३० | ८००० | ३.४८ |
| प्याज | ६०० | २००० | २० | १०००० | ४.३५ |
| वर्षे गोलभेडा | १८०० | ६००० | २० | ३०००० | १३.०४ |
| तोरी | ४० | ९०० | १२० | ३९०० | १.६९ |
| गहुं | १२५ | १००० | २८ | २५०० | १.०८ |
| मास | ३० | २५० | १०० | २७५० | १.२ |
| भटमास | ४५ | ५० | ६० | २६५० | १.१५ |
| बदाम | ५० | १००० | १५० | ६५०० | २.८३ |
| अदुवा | ५५० | ६००० | २२ | ६१०० | २.६५ |
| बेसार | ५५० | ४००० | १८ | ५९०० | २.५७ |
| अलैची | ३० | ५००० | ७०० | १६००० | ६.९६ |
| सुन्तला | ४०० | ५००० | ४० | ११००० | ४.७८ |
| ओखर | ७५ | ५००० | २०० | १०००० | ४.३५ |
| मकै | १४० | ५०० | २० | २३०० | १ |
| बदाम | ५० | ५०० | १५० | ७००० | ३.०४ |
| मकैको बीउ | २०० | २९०० | ३८ | ४७०० | २.०४ |
| लहरे तरकारी बीउ | १० | २०० | ७५० | ५५०० | २.३९ |
| *८कृषकले खेती गर्दा हुने नगद खर्चलाई मात्रखर्चमा राख्ने र कृषक आफैले काम गरेकोमा निजको रोजगारीमा गणना गरिएको* | | | | | |

*स्रोत: बिभिन्न स्थानहरुमा कृषकहरुको अनुभव तथा छलफलबाट तयार गरिएको न्यूनतम ग्रस मार्जिन*

## २५. पञ्च वर्षिय योजनाको रणनीतिक ढाँचा

### २५.१ योजनाको दुरदृष्टिः"उन्नत, दिगो, तथा आत्मानिर्भर कृषिक्षेत्र"

सिम्तामा कृषिक्षेत्रमा देखापरेका चुनौति र संभावनाहरुको लेखाजोखा तथा विगतबाट सिकेका पाठहरुलाई आधार लिएर कृषिक्षेत्रको दीर्घकालीन सोच निर्माण गरिएको छ ।

कृषिक्षेत्रको दुरदृष्टि तयार गर्दा बढ्दो जनसंख्या लाई खाध्यान्नको अभाव तथा कुपोषण, कृषि पेशामा लागेका कृषकहरुको खस्कदो जीवन स्तर, खाने बानीमा आएको परिवर्तन, बजारमुखी अर्थतन्त्र, जलवायु परिवर्तन, गरिबी, श्रोतको क्षयीकरण,सुशासनको अभाव जस्ता पक्षहरुलाई चुनौतिको रुपमा स्वीकार गरिएको छ । योजनाको दुरदृष्टि हासिल गर्न प्रमुख तिन रणनितिक संभागहरु (उध्देश्यहरु) राखिएका छन्।२०७६ पछिका ५ वर्षकोअवधिमाखाध्य तथा पोषण सुरक्षालाई योगदान दिने, रोजगारी सिर्जना गरी आम्दानी बढाएर जीवनस्तर माथी उकास्ने तथा वातावरणमा आएको परिवर्तनको प्रभाव न्यून गरी दिगो रुपमा कृषिक्षेत्रको बिकास गर्ने**"उन्नत, दिगो, तथा आत्मानिर्भर कृषिक्षेत्र"**योजनाको दुरदृष्टि रहेको छ । परम्परागत कृषि प्रणालीलाई उन्नत एवं व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण द्वारा उत्पादकत्व बृध्दि गरी खाध्य तथा पोषणमा आत्मानिर्भरता बढाउने, तुलनात्मक लाभका कृषि तथा पशुजन्य वस्तुहरुको व्यवसायिकरणद्वारा कृषकहरुको आयमा बृध्दि गरेर जीवनस्तर माथि उकास्ने तथा बदलिदो वातावरणीय प्रभाव कमगरी दिगोरुपमा कृषिको बिकास गर्ने कृषिक्षेत्रको  दृष्टिकोण रहेको छ।

योजनामा दुरदृष्टि, ढाँचा र कार्यान्वयनको कार्यदिशामा एकरुपता ल्याउने प्रयास गरिएको छ र कार्यान्वयनका चरणमा योजनाको सोच अनुरुपको प्रगति अनुगमन गर्नका लागि बिभिन्न लक्ष्य तथा सुचकहरु तय गरिएका छन्।

**२६. उध्देश्यः**कृषिक्षेत्रको दुरदृष्टि हासिल गर्नेनिम्न अनुसार उध्देश्यहरु तोकिएका छन;

- कृषि तथा पशुजन्य बस्तुहरुको उत्पादन तथा उत्पादकत्व बृध्दि गरी खाध्यसुरक्षामा आत्मनिर्भरता बढाउने ।
- कृषिक्षेत्रमा तुलनात्मक लाभका वस्तुहरुको व्यवसायिकरणद्वाराआम्दनी बृध्दि गरी कृषकहरुको जिवनस्तर माथि उकास्ने ।
- प्राकृतिक स्रोत, प्रविधि तथा स्थानिय क्षमतामा आधारित कृषिक्षेत्रको दिगो बिकास हासिल गर्ने ।

### २६.१ योजनाका तिनैवटा उध्देश्यहरु निम्न अनुसार व्याख्या गरिएको छ;

कृषि तथा पशुजन्य बस्तुहरुको उत्पादन तथा उत्पादकत्व बृध्दि गरी खाध्यसुरक्षामा आत्मनिर्भरता बढाउनेः खाद्यतथापोषणअसुरक्षाभोगिरहेका किसानहरूको मुख्य जीविकाको आधार रहेको कृषिक्षेत्रमा  खाद्यान्न र पोषणमा सुधार ल्याउनआवश्यक छ ।हालको निर्वाहमूखी कृषिलाई उन्नत तथा दिगो कृषिप्रणालीमा रुपान्तरण गरी खाध्य सुरक्षा र पोषणमा सुधार ल्याइ आत्मानिर्भर बनाउने मान्यतामा यो योजना तयार गरिएको छ ।यसकालागी चाहिने सिचाई लगायत अन्य पूर्वाधार, आधुनिक प्रविधि, उन्नत मल तथा बीउ र उन्नत नश्लका पशुपंक्षिका जात, सघन बालीप्रणाली आदिको प्रयोग तथा यान्त्रिकरण द्वारा कृषि तथा पशुजन्य वस्तुको उत्पादकत्व र उत्पादन बढाएर आवश्यक पर्ने खाध्यान्नमा आत्मा निर्भर हुदै जाने उध्देश्य राखिएको छ । पोषण सम्बन्धि चेतना अभिबृध्दि तथा विविध वस्तुहरुको उत्पादन र उपभोग बढाएर पोषणमा सुधार ल्याउने अपेक्षा गरिएको छ । हाल बढी आयात हुने

वस्तुहरु मध्ये चामल,तेल, आलु, प्याज तथा केहिमात्रामा आयात हुने फलफूल, तरकारी, बदाम र अण्डा जस्ता वस्तुहरुको उत्पादन बृध्दि गरी आयात प्रतिस्थापन गर्दै आतमनिर्भर हुने लक्ष्य राखिएको छ । संविधान प्रदत्त खाद्य सम्प्रभुता को अधिकार सुनिश्चित गर्न दिगो कृषि प्रणालीबाट स्वस्थ खाना उपलब्ध गराउने तर्फ जोड दिइएको छ ।
कृषिक्षेत्रमा तुलनात्मक लाभका वस्तुहरुको व्यवसायिकरण द्वाराआम्दनी बृद्धि गरी कृषकहरुको जिवनस्तर माथि उकास्नेःभौगोलिकविविधता तथाअनुकूलहावापानीको उपयोग गर्दै तुलनात्म रुपमा बढी लाभहुने र उच्चमूल्यका कृषि तथा पशुजन्य वस्तुहरुमा व्यवसायिकरण द्वारा रोजगारीका अवसर श्रृजनागरी कृषकहरुको आम्दानी बढाएर जीवन स्तर माथि उकास्ने उध्देश्य तय गरिएको छ । कृषि व्यवसाय नाफामूखी नभएसम्म कृषकहरुको आर्थिक अवस्थामा सुधार आउन सक्दैन ।भौगोलिक अवस्था, कृषि जमिनको उत्पादनशीलता, जैविक विविधता, बजारको माग र पहुंच आदि कारणले गर्दा तराई जस्ता समथर भू-भागको कृषि प्रणालीसँग यहाँको उत्पादन प्रक्रिया, उत्पादकत्व र परिमाण आदिमा प्रतिस्पर्धा हुन सक्दैन । यो तथ्यलाइ बिचार गरी तुलनात्मक लाभको आधारमा सिम्ताको कृषि क्षेत्रकोव्यवसायिकरण गर्नुको विकल्प देखिदैन । तसर्थ आफ्नै विशेषता अनुरुप यहाँको भूगोल र हावापनी को अधिकतम उपयोग गर्दै तुलानात्मक लाभका वस्तुहरुमा व्यवसायिकरण गर्न जोड दिइएको छ ।
यहाँका तुलनात्मक लाभका कृषिजन्य वस्तुहरुमा वेमौसमी तरकारीखेती, बाख्रापालन, वर्षेआलु, फलफूलखेती, मसलाबाली, टिमुर, वेमौसमी च्याउ तथा उच्च प्रविधियुक्त खेती बढी मूल्य पाउने वस्तुहरुमा पर्दछन् । सिम्तामा पाइने हावापानी तराईको भन्दा फरक रहेकाले बैशाख देखि कार्तिक सम्म केहि बस्तुहरु बेमौसमी हुने र बढी मूल्यमा बिक्रि गर्न सकिने भएकाले यी वस्तुहरुकोव्यवसायिक उत्पादनतथा बाहिरी बजार सम्म बिक्रि गरी आम्दानी बृध्दि गर्ने रणनीति अपनाईएको छ । दिगो र नाफामूखी व्यवसाय संचालन गर्न मागमा आधारित बस्तु उत्पादन, उत्पादन सामग्रिको सहज आपूर्ती, प्रविधिको प्रयोग, सिंचित क्षेत्र बिस्तार, उपयुक्त बाली प्रणाली, कृषिमा यान्त्रिकरण, छोटोर चुस्त बजारीकरण, गुणस्तरयुक्त वस्तु उत्पादन, पायक पर्ने स्थानहरुमा बस्तु संकलन, उचित भण्डारण, सुरक्षित ढुवानी र प्रतिस्पर्धि मूल्य, मूल्य सृङ्खला पध्दति अवलम्वन, समावेशी बिकास तथा कृषि पेशालाई मर्यादित बनाउने जस्ता पक्षहरु समेट्ने प्रयास गरिएको छ ।

**(३) स्थानिय स्रोत, प्रविधि तथा क्षमतामा आधारित कृषिक्षेत्रको दिगो बिकास हासिल गर्नेः** कृषिकोविकासका लागि आधारभूत दिगोपनका सिध्दान्तलाई आत्मसात गर्दै स्थानीय स्रोत, प्रविधि तथा क्षमतामा आधारित दिगो कृषि प्रणालीको ढाँचा प्रस्तुत गरिएको छ । बदलिदो वातावरणको प्रभावबाट सिर्जित जोखिम कम गर्न परिबर्तित अवस्थामा कृषकहरु अनुकुलन हुन सक्ने क्षमता बिकास गरी जोखिम न्यूनिकरण गर्ने तथा स्रोतहरुको समुचित उपयोग र संरक्षण द्वारा दिगो कृषि प्रणाली स्थापना र स्वस्थ खाना उपलब्ध गर्नमा जोड दिइको छ । कृषि पेशालाई नाफामुखी, मर्यादित तथा युवामैत्री बनाउने कुरामा पनि जोड दिईएको छ ।त्यसरी नै सबै वर्ग र समुदायका कृषकहरुलाई बिकास प्रक्रियामा समावेश गर्ने तथा सहकारी र निजी क्षेत्रको क्षमता बृद्धि तथा सहकार्य र समन्वयलाई बढाउने नीति योजनामा समावेश गरिएको छ ।

## २७ रणनीतिर कार्यनीति

- गुणस्तरयुक्त उत्पादन समग्रीहरुको समयमा आपूर्ति, सिंचाई क्षेत्रको बिस्तार एवं सुधार, प्रविधिको प्रयोग, बाली प्रणालिमा परिवर्तन र फार्म व्यवस्थापनमा सुधार द्वारा कृषि जन्य वस्तुको उत्पादकत्व तथा उत्पादनमा बृध्दि गरि खाध्य सुरक्षामा सुधार ल्याउने ।
- सिम्ता गाँउपालिकामा कृषिक्षेत्रलाई बिकासकोपहिलोप्राथमिकतामा राख्ने।

- जमिनको क्षमता, हावापानी, तुलनात्मक लाभ, बजार मागरआवश्यकताको आधारमा कृषि तथा पशुजन्य वस्तु बिशेष उत्पादन पकेट क्षेत्रको रुपमा बिकासगर्ने ।
- निकासी जन्य तथा आयात हुने कृषिबस्तुहरुको व्यवसायिक उत्पादनमा जोड दिने ।
- युवारोजगार सिर्जनागर्न उपयुक्त प्रविधि तथा अनुदान सहितयुवाकिसानकोउत्साह बढाउनेखालका कार्यक्रमहरु योजनामा समावेश गरी कृषिमाआत्मानिर्भरताबढाउने ।
- पशुपालनमा नश्ल सुधार, गोठ तथा आहार व्यवस्थापनमा जोड दिने ।
- व्यवसायिक कृषि बिकासका लागी मूल्यस्रङ्खला पद्धति अपनाउनेतथा बजार चेनल छोटो र चुस्त बनाउने ।
- स्थानविशेष तुलानात्मक लाभका वस्तु छनोट गरि व्वसायिक विकास गर्ने।
- रोजगारीसृजना, सामाजिक परिचालन, सकारात्मक सोचको विकास, आवश्यकनीतिनियमनिर्माण तथा सामाजिक मुल्य र मान्यता स्थापित गर्ने।
- कृषिमा कार्यविधि, व्यवसायिक योजना, अनुगमनतथा मूल्यानकनको आधारमा अनुदानदिने व्यवस्था गर्ने ।
- उत्पादित वस्तु भण्डारणको लागि रष्टिक स्टोर, सेलारस्टोर, कोल्ड स्टोर निर्माण गरिमूल्य अभिबृधि तथा आयात प्रतिस्थापन गर्ने ।
- काममा दक्षता बढाई लागत कम गर्न रकामलाई सहज बनाउनकृषिमा यान्त्रिकरण गर्ने ।
- उपलब्ध पानीका स्रोतहरु सिंचाईकोलागी उपयोग गर्ने र सिंचाईगर्ने बिधिमा सुधार ल्याउने ।
- सरकारीतथानिजिक्षेत्रको सहकार्य तथा लगानी बढाउने ।
- विकास कार्यनतिजा मूखीबनाउन कार्यक्रमको प्रतिफल हेर्ने व्यवस्था गर्ने ।
- बजेटलाई आवश्यकताको आधारमाआर्थिकहिसाबले बढी उपलब्धिमुलकक्षेत्रमा लगानी बढाउनुपर्ने।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने र आयातित उत्पादनलाई निरुत्साहित गर्ने निति अबलम्बन गर्ने।

## २८. पञ्चवर्षिय योजनाको परिमाणात्मक लक्ष्य

| **तालिका नं. ९ खाध्य सुरक्षा बृध्दि लक्ष्य** | | | | | | |
|---|---|---|---|---|---|---|
| समय अवधि | ३ महिना पुग्ने | ६ महिना सम्म पुग्ने | ९ महिना सम्म पुग्ने | १२ महिना सम्म पुग्ने | श्र१२ महिना पुग्ने | खाना पुग्ने औषत (दिन) |
| हालको घरधूरी संख्या | १०२९ | ८०७ | १०४३ | ८९२ | १८५१ | २९७ |
| ५ वर्षपछि घरधरी संख्या | ५१५ | ९१८ | ९२४ | ९६८ | २२९७ | ३१५ |

**तालिका नं. १० बाख्रापालन लक्ष्य**

| बिबरण | आधार वर्ष | ५वर्ष पछिको लक्ष्य | | | वार्षिक बृध्दि दर (%) | ५ वर्षमा बृध्दि ९५० |
|---|---|---|---|---|---|---|
| | स्थानिय जात | स्थानिय जात | ५०% को बोयर | जम्मा | | |
| जम्मा बाख्राको संख्या | २७३११ | २७३११. | ६८१३. | ३४१२४. | ४.९९ | २४.९५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रति घरधुरी बाख्रा | ४.८६ | ४.८६ | १.२१ | ६.०७ | ४.९८ | २४.८९७ |
| खसी बोकाको संख्या | ८१७५ | ८१७५ | २०४४ | १०२१९. | ५. | २५. |
| औषत तौल (के.जी.) | २४.५ | २४.५ | ३२.२ | २६.०४ | १.२६ | ६.२९ |
| मासु उत्पादन (के.जी.) | २००२८८ | २००२८८ | ६५८१७ | २६६१०३ | ६.५७ | ३२.८६ |
| बिक्रि दर (रु. / के.जी.) | ३५० | ३५० | ३६० | ३५२.५४ | ०.१५ | ०.७३ |
| विक्रिबाट आम्दानी रु. | ७०१००६२५ | ७०१००६२५ | २३६९४०४८ | ९३७९४६७३ | ६.७६ | ३३.८ |

श्रोतः बन्दीपुर बाखाफार्मको परिक्षण नतिजा तथा कृषकहरुको अनुभवको आधारमा तयार पारिएको

२९. **सिचाईः**पाँच वर्षमा थप सिचाइ पुग्ने जम्म क्षेत्रफल २६५ हेक्टर मध्य ९९ हेक्टरमा साना सिचाइबाट र १६६ हेकटरमा मधयमखाले सिचाइ द्वारा सिचाइ पुग्ने छ र यसबाट १७८४ घरपरिवार प्रत्यक्ष लाभान्वित हुने छन् । नयाँ सिंचाइकोलागि चारकरोड पैंचालिस लाख लगानीको आवश्यकता पर्ने छ । यसकोलागि भेरी डाइभर्सन, प्रदेश सरकार, संघिय सरकार, कृषक समुह / सहकारी तथा अन्य निकायहरुको समन्वय र सहकार्यमा आश्वश्यक रकम जुटाउनु पर्ने देखिन्छ ।

**तालिकानं.११ पाँच वर्षे सिचाइ बिस्तार गर्ने लक्ष्य**

| क्र.सं. | पहिचानभएका सिचाईको किसिम | सिचाईकोकाम को प्रकृति | पहिचानभएका सिचाई सङ्ख्या | अनुमानितलाभान्वितघरधूरी | सेवापुग्ने क्षेत्रफल (हे.) | प्रतिइकाई लागत (रु.) | जम्मालागत (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | साना सिचाई | सङ्कलनसप्लाई | ५२ | १०९२ | ९९ | २००००० | १०४००००० |
| | | कुलोबाट पानी तान्ने | १ | २५ | ५ | १००००० | १००००० |
| २ | मधयमसिचाई | नया कुलो निर्माण | २ | ११५ | २५ | ५०००००० | १००००००० |
| | | लिफ्ट सिचाई | १२ | ५५२ | १३६ | २०००००० | २४०००००० |
| ३ | मर्मद सभार | कुलो सुधार | ८ | ६२७ | १३५ | १०००००० | ८०००००० |
| **जम्मा** | | | **७५** | **२४११** | **४००** | | **५२५०००००** |

**तालिका नं. १२ कृषिजन्य वस्तु उत्पादन लक्ष्य**

| बाली | २०७४/०७५ | | | २०८०/०८१को लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हेक्टर) | उत्पादकत्व (मे.टन/हेक्टर) | उत्पादन (मे.टन) | क्षेत्रफल (हेक्टर) | उत्पादकत्व (मे.टन/हेक्टर) | उत्पादन(मे.टन) |
| **खाध्यान्न बाली** | **४९६२** | **२.७५** | **१३६३८** | **५१४४** | **३.२९** | **१६९४५** |
| धान(वर्षे) | १५३५ | २.९६ | ४५४४ | १५८० | ३.७० | ५८४६ |
| धान(बसन्ते) | ० | ० | ० | ४५ | ३.०० | १३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मकै (वर्षे) | १८१५ | २.९९ | ५४२७ | १६१५ | ३.७४ | ६०३६ |
| मकै (बसन्ते) | ४ | ३.३५ | १३ | १०४ | ३.३५ | ३४८ |
| गहुं | १२०६ | २.७२ | ३२८० | १४०० | २.९९ | ४१८९ |
| कोदो | ४०२ | ०.९३ | ३७४ | ४०० | ०.९८ | ३९१ |
| **व्यवसियिकखेती** | | | | | | |
| **तरकारी** | **४५८** | **१२.४१** | **५६८२** | **६६०** | **१४.४४** | **९५३०** |
| हिउदेतरकारी | २३५ | १०.४७ | २४६० | २७५ | १३.०९ | ३५९९ |
| बसन्तेतरकारी | १६ | ९.२५ | १४८ | ७५ | ११.५६ | ८६७ |
| वर्षेतथा शरद मौसम तरकारी | २०७ | १४.८५ | ३०७४ | ३१० | १६.३४ | ५०६४ |
| **आलु** | **२५९** | **१२.५४** | **३२४७** | **३०५** | **१३.४३** | **४०९८** |
| हिउदेआलु | २१९ | १३.०० | २८४७ | २२५ | १४.३० | ३२१८ |
| वर्षेआलु | ४० | १०.०० | ४०० | ८० | ११.०० | ८८० |
| **दलहन** | **९६१** | **०.८५** | **८१९** | **१०१०** | **०.९१** | **९१५** |
| मास | ११७ | ०.९८ | ११५ | १३० | १.०० | १३० |
| मुसुरो | ३४१ | ०.७९ | २६९ | ३५० | ०.८२ | २८७ |
| चना | २९९ | ०.८ | २३९ | ३१० | ०.९० | २७९ |
| केराउ | २०४ | ०.९६ | १९६ | २१० | १.०० | २१० |
| भटमास | | | ० | १० | ०.९० | ९ |
| **तेलहन** | **१९०** | **०.७९** | **१५०** | **२६६** | **०.८९** | **२३६** |
| तिल | ३६ | ०.३६ | १२.९६ | ३६ | ०.४५ | १६ |
| तोरी | १५४ | ०.८९ | १३७ | २०० | १ | २०० |
| सुर्यमुखीफूल | ० | ० | ० | ३० | ०.६७ | २० |
| **फलफुलबगैंचा** | **१८** | | | **३३** | **१.००** | **३३** |
| बगैंचाव्यवस्थापन | १८ | ७ | १२२.५७ | १८ | ८ | १४४ |
| नयाँ बगैंचा स्थापना | | | | १५ | १ | १५ |
| मसला बाली | **२०** | ०.६ | १२ | **९५** | ९.४२ | **८९५** |
| अदुवा | | | | २० | १४.०० | २८० |
| बेसार | | | | २० | १४.०० | २८० |
| लसुन | | | | १० | ६.०० | ६० |
| प्याज | | | | १५ | १७.०० | २५५ |
| अलैंची | २०.० | ०.६ | १२ | ३० | ०.६५ | २० |
| कृषितर्फ जम्मा | ६४०९ | | १७८६६ | ६८५३ | | २३१२१ |
| पशुपालन | संख्या | प्रति इकाई | जम्मा तौल | बिक्रि | जम्मा | थप आम्दानी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | के.जी. | के.जी. | दर | आम्दानी रु. | रु. |
| ५ वर्ष पछि खसी बोका | १०२१९ | २६.०४ | २६६१०३ | ३५३ | ९३८११८६७ | २३६९४०४८ |
| थप भैंसी पालन (थप दुध उत्पादन) | २०० | ६२५. | १२५००० | ४५ | ५६२५००० | ५६२५००० |
| लेयर्सकुखुरा पालन | १००० | २६० | २६०००० | ११ | २८६०००० | २८६०००० |

**३१. पञ्च वर्षिय योजनाको कार्यक्रम बजेट**

तालिका नं. १३ पञ्चवर्षिय कृषियोजनाको अनुमानित कार्यक्रम बजेट

| मुखयकार्यक्रम | इकाई | लक्ष्य | अनुमानित बजेट (रु) | बजेट तथा श्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | भेरी डईभर्सन | प्रदेश, केनद्र र अन्य निकाय | गाँउपालिका |
| सिंचाइबिस्तार | संख्या | ६७ | ४४६००००० | १२०००००० | ८६००००० | २४०००००० |
| सिंचाइसुधार | संख्या | ८ | ८०००००० | | | ८०००००० |
| बजार पूर्वाधार | संख्या | ९ | ९०००००० | | २५००००० | ६५००००० |
| माटो व्यवस्थापन | आ.आ. | आ.आ. | २५००००० | | | २५००००० |
| कृषि प्रसार | आ.आ. | आ.आ. | ७५००००० | | | ७५००००० |
| ढुवानीसाधन | संख्या | २ | २५००००० | | १२५०००० | १२५०००० |
| मल, बीउ अनुदान | आ.आ. | आ.आ. | ५०००००० | | | ५०००००० |
| पकेटबिकास | संख्या | ९ | १४५००००० | | २५००००० | १२०००००० |
| क्षमताबिकास | आ.आ. | आ.आ. | ३०००००० | | ५००००० | २५००००० |
| **कृषितर्फ जम्मा** | | | **९६६०००००** | **१२००००००** | **१५३५००००** | **६९२५००००** |
| **पशु बिकास** | | | | | | |
| ( प्रचारप्रसार सेवा | संख्या | १२५० | ५०००००० | ० | १०००००० | ४०००००० |
| ( पशुआहार | हेक्टर | ५० | २५००००० | ० | ० | २५००००० |
| ( पकेटकार्यक्रम | संख्या | ७ | ७०००००० | ० | २०००००० | ५०००००० |
| ( पशुस्वास्थ सेवा | आ.आ. | आ.आ. | २०००००० | ० | | २०००००० |
| ( क्षमताबिकास | आ.आ. | आ.आ. | २५००००० | ० | ५००००० | २०००००० |
| ( बजारसम्बन्धि | आ.आ. | आ.आ. | २५००००० | ० | १०००००० | १५००००० |
| ( अन्यअनुदान | आ.आ. | आ.आ. | ५०००००० | ० | १०००००० | ४०००००० |
| **पशु बिकास तर्फ जम्मा** | | | **२६५०००००** | **०** | **५५०००००** | **२१००००००** |
| **कृषि तथा पशु बिकास जम्मा बजेट** | | | **१२३१०००००** | **१२००००००** | **२०८५००००** | **९०२५००००** |

## ३२. अपेक्षितउपलब्धिः

- योजना अवधिको अन्त्यमा कृषिक्षेत्रको समग्र आर्थिक वार्षिक बृध्दि दर ५-६ प्रतिशतले बढेको हुने छ।
- कृषक घरपरिवारको वार्षिक औषत थप आम्दानी रू. २०००० ले बृद्धि भएको हुने छ ।
- पाँचौ वर्षको अन्त्यमा खाद्यान्न बालीको समग्र उत्पादनमा २४.१५ प्रतिशतले बृद्धि भएको हुने छ ।
- बाली सघनतामा १२ प्रतिशतले बढेको हुने छ ।
- जम्मा २६५ हेक्टर क्षेत्रफलमा सिंचाई बिस्तार भै यसबाट १७८४ घरपरिवार प्रत्येक्ष लाभान्वित भएका हुने छन्।
- १२८४ घरधुरीको खाद्यसुरक्षा ३ महिनाले बढेर आत्मानिर्भरतामा बृद्धि भएको हुने छ ।
- २८११ घरधुरीको चेतनामा बृद्धि भैविविध वस्तु उत्पादन रउपभोग गरेर पोषणमा सुधार आएकोहुने छ।
- हालको खसी बोका बिक्रिबाट हुने आम्दानीमा पाँच वर्षमा ३३.८०प्रतिशतले बृद्धि भएको हुने छ।

## ३३. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि केही सुझावहरुः

**३३.१ कृषि साधनहरुको बृद्धिः**लागि चाहिने पहिलो साधन सिँचाइ सुविधा हो । सिँचाइलेमात्रै कृषि उत्पादनमा ३८ प्रतिशत योगदान गर्दछ । सम्भावनाका आधारमा नवीन प्रविधिमा आधारित सिँचाइ प्रणालीबाट पर्याप्त र भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउनु आवश्यक छ । निर्मित सिँचाइ संरचनामा पनि मर्मत र पुनस्थापना गरिनु पनि त्यत्तिकै आवश्यक छ । त्यसै गरी प्राङ्गारिक मललाई विशेष प्रोत्साहन दिने र रासायनिक मलखादको व्यवस्थित उपलब्धता गराउने व्यवस्था गरिनुपर्दछ । कृषिर पशु प्रसार सेवा कृषकको घरदैलोमा पुर्याउनुपर्दछ ताकि कृषि बाली तथा पशुपक्षीको रोगव्याधी व्यवस्थापन गर्न सकियोस् । उन्नत बीउ बिजनको प्रयोगले मात्र २० देखि २५ प्रतिशत उत्पादन बढाउन सकिने कुरा प्रमाणित भैसकेको छ अतः उन्नत तथा गुणस्तरयुक्त बीउबिजन समयमै उपलब्ध गराउने व्यवस्था गर्ने। कृषि उत्पादनको सञ्चय र बजारीकरणको व्यवस्था भएमा उत्पादक र उपभोक्ताबीचको दूरी घटाउन र दुवै वर्गको हित संरक्षण गर्न सकिन्छ । कृषि कर्जालाई सहुलियतपूर्ण र सरल पहुँचमा ल्याउनुपर्दछ । यसकालागी सार्वजनिक, निजीक्षेत्रर गै.स.स. समेतको सहकार्यलाइ जोड दिइनु पर्ने ।

**३३.२ जलवायु परिवर्तन अनुकूलनः**विश्वमा देखापरेका जलवायु परिवर्तनको प्रभावहरु सिम्तामा पनि देखापरेका छन् ।तापमानमा बृद्धि, अतिबृष्टि, अनाबृष्टि, खेती पाक्ने समयमा फरक तथाखेतीहुने स्थान परिवर्तन जस्ता प्रभावहरु कृषकहरुले प्रत्यक्षरुपमा भोगिरहेका छन् । तसर्थ जलवायु परिवर्तन अनुकूलन हुने प्रजातिहरुको प्रयोग गर्ने र त्यसैअनुरुप खेती प्रणाली अवलम्बन गरिनुपरने।

**३३.३ कृषि उपज संकलन केन्द्रः**व्यवसायिक रुपमा उत्पादनगरिने कृषिजन्य वस्तु संकलन गरी ग्रेडिङ् र प्याकेजिङ पश्चात बजार सम्म पु-याई बिक्रि बितरणका लागी पायक पर्ने स्थानहरुमा संकलन केन्द्र स्थापना गरिनु पर्दछ । पोष्टहार्भेष्ट पछिको क्षतिको न्युनिकरण गर्न उचित तापक्रममा ढुवानि गर्न सकिने ढुवानिका साधनमा ढुवानि गर्ने तथा बिक्रि गर्ने ब्यबस्था सरकारले मिलाउन सक्नु पर्ने।

**३३.४ मानसिकतामा परिवर्तनः** कृषिको आधुनिकिकरण बिना ग्रामिण अर्थतन्त्र सुदृढ हुन सक्दैन । एक-दुई पोका बिउ, दुइ-चार वटा फलफूलकाबेर्ना, एक बोतल च्याउको बीउ, एक घार मौरी बाँडेर कृषिले फड्को मार्ने कल्पना गर्न सकिँदैन । परम्परागत तरिका र मानसिकताले काम गरेर कृषिमा आधुनिकिकरण सम्भब छैन। निति तथा

कार्यक्रम पानामा लेखेर मात्र पनि कृषिमा आधुनिकता र ब्यबसायिकताको बिकास हुन सक्दैन। ।उद्यमशीलताको संस्कार एवं संस्कृति मौलाउन नसक्नुको कारणले यस्तो भएको हो । व्यवसाय र उद्यमले छिटोभन्दा छिटो आर्थिक उन्नति हुन्छ।गाँउपालिकाको अर्थतन्त्रलाई छिटो सबलतातिर लग्ने हो भने उत्पादनमूलक उद्यमशीलतालाई प्रोत्साहन गर्नु सिवाय अर्को विकल्प देखिदैन । मानिसलाई उद्यमी बन्न प्रेरणा जगाउनुपर्छ । उद्यम र व्यवसायले स्वरोजगार मात्र सिर्जना गर्दैन, यसबाट अरूलाई रोजगारी प्रदान गरी गाँउपालिकाको समग्र अर्थतन्त्रलाई माथि उठाउन टेवा पु-याँउछ । अतः लागत तथा प्रतिफलको आधारमा व्यवसायिक खेती गर्ने सोचकोबिकास गर्नु पर्ने ।

**३३.५ युवा जनशक्तिको परिचालनः**कृषिमा युवाहरुको संलग्नता बिना अहिलेको कृषिमा भएको जनशक्तिबाट कृषिक्षेत्र आत्मनिर्भर र ब्याबसायिक बन्न सक्दैन। युवा जनशक्ति तयार गरी युवाहरुद्वारा कृषिलाई आधुनिकिकरण र ब्यबसायिक बनाउनतर्फ ध्यान जानुपर्दछ। कृषिमा आश्रित महिलाको संख्याले मात्र यहाँको कृषिको अवस्था बदल्न सम्भव छैन ।

**३३.६ नीति तथा शासकीय सुधारः**बिकासमा लगानी गरेर मात्र हुँदैन, प्रतिफल कति मात्रामा हासिल भयो भन्ने कुराले अर्थतन्त्र निर्धारण गर्दछ ।बिकास कार्यमा गुटगत राजनितीको अन्त्य, जनशक्तिको समुचित उपयोग, पूजीको सहि लगानीतथा व्यवस्थापन र पारदर्शीतामा स्थानीय सरकार गम्भीर हुनै पर्छ । कृषिक्षेत्रको विकास गर्न कृषियोजना निर्माण, कार्यान्वयन तथा अनुगमन कार्यक्रमहरु कृषककै सहभागितामा गरिनु आवश्यक छ । कृषि क्षेत्रका उपक्षेत्रहरुबीच समन्वय र सहकार्य हुन पनि त्यतिकै जरुरी हुन्छ नत्र भने सरकारी लगानीभएर पनि वास्तविक रुपमा कृषिका समस्यालाई सम्बोधन गर्न सकिदैन । कृषिविकास योजना कार्यान्वयन गर्न पनि कृषि, सिँचाइ, सडक, विध्दुत, उधोगजस्ता शाखाहरुको आपसी समन्वय आवश्यक देखिन्छ । त्यसैगरी खास कृषकलाई प्रोत्साहन दिने, कार्यक्रम संचालनमा पारदर्शीता अपनाउने, बजार नियमन गर्ने कार्य प्रभावकारीरुपमा संचालन गर्न पहल गरिनु पर्ने।

**३३.७ सहकारी क्षेत्रः** सरकारले सहकारीलाई आर्थिक विकासको तेस्रो खम्बाको रूपमा पनि अगाडि सारेको छ र संवैधानिक मान्यतासमेत दिएकै छ । यति हुँदाहुँदै पनि सहकारी क्षेत्र अहिलेसम्म पनि अन्योलमै हिँडिरहेको छ । सहकारीलाई स्वतन्त्र र व्यावसायिक बनाउन आवश्यक छ । कृषिक्षेत्रमा रूपान्तरण गर्ने हो भने सहकारीहरु राजनीतिको घेराबाट मुक्त भै आर्थिक बिकासको खम्बा बन्नु पर्दछ र सामुदायिक संस्थाका रूपमा विकास गरिनु पर्दछ । सहकारीको प्रभावकारीता नियमन र अनुगमन गर्नकालागि भरपर्दो र स्वतन्त्र नियमनकारी संयन्त्रको व्यवस्था गरिनु पर्ने ।

**३३.८स्थानीय क्षमता अभिबृद्धिः**कृषकहरुको व्यक्तिगत तहमा जानकारी बढाउने, सीप विकास गर्ने र फार्म व्यवस्थापन सम्बन्धी कौसलता बढाउने तथा कृषक समुह र सहकारी तहमा पूर्वाधार र संस्थागत विकासमा जोड दिइएको छ ।बजार मागको आधारमा तुलनात्मक लाभका कृषिजन्य बस्तुहरु कम लागतमा व्यवसायिक उत्पादन तथा प्रभावकारी बजारीकरणमा जोड दिने ।

**३३.९सघन र उन्नत खेती प्रणालीको अवलम्बनः**सिम्ताको समग्र बाली सघनता हेर्ने हो भने १५८ प्रतिशत देखिन्छ । बेसी तथा फाँटहरुमा बा-हैमहिना सिचाई सुबिधा हुन सक्ने जमिनमा बार्षिक तिन बाली लिन सकिने भएतापनि दुई बाली मात्र लगाउने र त्सपछि तिन महिनासम्म जमिन बाँझो राख्ने प्रचलन छ । यसले एकातिर कृषकको

जीवनस्तरलाई प्रभाव पारेको छ भने अर्कोतर्फ कृषिभूमिको उत्पादन शक्ति उपयोग गर्न सकिएको छैन । परिणामतः खाद्य सुरक्षाको स्थिति नाजुक बन्दै गइरहेको छ । यसर्थ सघन तथा घुम्ती बाली प्रणालीको अभ्यास गर्नु आवश्यक छ । त्यसरी नै उन्नत तथा हाइब्रिड जातको बीउ को प्रयोगले मात्र २० देखि ३० प्रतिशत सम्म उत्पादन बढाउन सकिन्छ । आउदो ५ वर्षमा खाध्यान्न बालीको हालको बीउ पर्तिस्थापन दर १०-१२ प्रतिशत बाट २५ पर्तिशत पु-याउने लक्ष्य राखिएको छ । त्यसै गरी पशुपालनमा उन्नत नश्लको प्रयोग, चरण सुधार, गोठ सुधार, परजीवी नियन्त्रण तथा बजार व्यवस्थापनमा जोड दिईएको छ ।

## ३४. कार्यक्रम संचालन पध्दति तथा मोडेल

**३४.१ व्यवसायिक विकास कसरी गर्ने:**सिम्ता गाँउपालिकामा ५५% सक्रिय जनसंख्या कृषि पेशामा लागेको देखिन्छ तर कृषकहरुले अझै पनि परम्परागत कृषि पद्धति नै अपनाईरहेका छन् । त्यसैले पानि अर्थतन्त्रमा कृषिको योगदान तुलनात्मकरुपमा न्यून रहेको छ र कृषकहरु गरिविको चपेटामा परेका छन् । यो अवस्थाबदल्न कृषि पधदतिमा परिवर्तन ल्याउन आवश्यक छ । कृषकहरुको आम्दानी बढाउनकालागि तुलनात्मक लाभको आधारमा कृषि तथा पशु क्षेत्रमा व्वसायिकरण गर्न जरुरी छ । वर्षौ देखि अँगाल्दै आएको कृषि पद्धतिमा तुरुन्त परिवर्तन गर्न सहज भने छैन । नयाँ कुरा अपनाउन कृषकहरुलाई मुखले भनेरमात्र हुंदैन । उनीहरुले सफल भएको व्यवसाय देखे भने मात्र विश्वास गर्दछन् र आफैले गरे भने सिक्दछन् । व्यवसाय सुरुवात गराँउन खोजिएको हो सो सम्बन्धि कृषकहरुलाई सफलतापूर्वक संचालन भएका व्यवसायहरुको अवलोकन गराएमा उनीहरुमा विश्वास पैदाहुन्छ र सो व्यवसाय गर्न तत्पर हुन्छन् । नयाँ व्यवसाय सुरुवात गराँउदा बढी सहयोग र निरन्तरता पनि चाहिन्छ । व्यवसायको सम्भावना भएको स्थान तथा ईच्छुक कृषकहरुलाई छनोट गरि नमूना व्यवसाय प्याकेजकोरुपमा बिकाश गरिनु पर्दछ, यसो गर्दा अरु कृषकहरुको लागि उक्त नमूनाले प्रेरणाको रुपमा काम गर्दछ र व्यवसाय बिस्तार गर्न सहज हुन्छ ।

कुनै पनि व्यवसायमा उत्पादन गरेर मात्र हुंदैन, उत्पादित वस्तु उचित मूल्यमा बिक्रि भयोभने मात्र किसानको लागि फाइदा हुन्छ। त्यसै गरि प्रविधिको प्रयोग, उत्पादन सामग्री आपूर्ती, सिचाई, उत्पादित वस्तु संकलन, ढुवानी जस्ता कार्यहरु गर्नु पर्ने हुंदा यी सबै तहमा काम गर्ने पात्रहरुको पनि क्षमता बिकास तथा बलियो सम्बन्ध बनाई राख्न आवश्यक हुन्छ र सुरु अवस्थामा यी सबै कार्यहरु सम्पन्न गर्नसघनरुपमा सहजीकरणकोआवश्यक हुन्छ ।अतः योजनाको सफल कार्यान्वयनका लागि निम्न अनुसार पध्दति अथवा मोडेल अपनाउन प्रसताब गरिएको छ;

३४.२**व्यक्तिगत खेती तथा सामुहिक बजारीकरण:**सानाकिसान तथा टुक्रे जमिनमा कृषिको व्यवसायिकरण गरेर आजको बजारमुखी अर्थतन्त्रमा प्रतिस्पर्धा हुन सक्दैन । त्यसैले साना किसानकोलागि यो मोडेल उपयुक्त हुन सक्छ । कृषकद्वारा उत्पादित बस्तु संकलन तथा बजारीकरणको लागि बजार समिति वा सहकारीले व्यापारी अथवा थोक बिक्रेतालाई बिक्रिबितरण गर्ने । यो मोडेलमा मूल्य श्रृखलाका हरेक पात्रहरु सक्रिय भएर आ-आफ्नो भूमिका निभाउनु पर्दछ नत्र भने प्रतिस्पर्धा गर्न नसकेर असफल पनि हुन सक्छ । अतः यी सबै पात्रहरु बिच समय समयमा अन्तरक्रिया छलफल भईरहनु पर्दछ ।

३४.३**सामुहिक खेतिप्रणाली:**सहकारी स्तर वा कम्पनीको रुपमा विभिन्न व्यवसायिकफार्महरुको (उन्नत प्रविधि वा खेतीप्रणाली) विकास गर्ने ।यस्तो फार्महरुमा जमिनमा लाग्ने कर कम गर्ने, जमिन लिजमा लिन रदिने सकिने ।

कृषियोग्य जमिनमा करारखेतिकालागी सेवा प्रदायक निकायले सहजीकरणको भूमिका निभाउने र किसानलाई समुहमा जग्गा र सहुलियत ऋण उपलव्ध गराउन सहजिकरण गर्ने ।

**३४.४ नमूना पकेट कार्यक्रमः**प्रधानमन्त्री कृषिआधुनिकिकरण परियोजनामा समेटेका सुपरजोन, जोन, ब्लकरपकेट पनि एउटा मोडेल हो । यो मोडेलमा स्थान विशेष उपयुक्त बाली / पशु व्यवसाय सुरु गर्दा सानो स्तरको नमूना फार्मकोरुपमा संचालन गर्ने । व्यवसायिक नमुना फार्म संचालन गर्दा तुलनात्मक लाभका आधारमा वस्तु छनोट गरी मूल्य श्रृङखलाका सबै पात्रहरुको अनिवार्य सहभागिता सुनिश्चित गर्नु पर्ने हुन्छ । उत्पादन सामग्रि को सहज आपूर्ति, उत्पादन प्रविधिको प्रयोग, पोष्ट हार्भेष्ट व्यवस्थापन, ढुवानी तथा बजारीकरण आदि कार्यहरु एकिकृत ढंगले संचालन हुने भएकाले यो पूर्ण प्याकेजको रुपमा बिकास गरिने मोडेल हो ।यसरी सानो स्तरबाट सुरु गरी व्यवसायलाइ बिस्तार गर्दै ब्लक तथा जोनको रुपमाबिकास गर्न सकिन्छ । यस्तो मोडल व्यवसायिकरणको लागि बढि उपयुक्त हुनसक्छ । सुरुको चरणमा भने बढि भन्दा बढि सहयोगको आवश्यकता पर्ने देखिन्छ । यसमा अनुदानका कार्यविधिहरू बनाउदा किसानहरूको वर्गिकरण गरिनुपर्छ र साना किसानहरूलाई ग्राह्यता दिइने प्रणालीको विकास जोड दिनु पर्दछ । समुह तथा सहकारी स्तरमा वा व्यक्तिगत फार्महरुमा मूल्य श्रृङखलामा आधारित पूर्ण प्याकेज सहितको व्यवसायिक कृषिको नमूना तयार गरी यसैबाट बिस्तार गर्दै बाली वा पशुविशेष पकेट क्षेत्रकोरुपमा बिकास गर्ने ।

**३५. कृषि प्रणालीको बिकास/पहिचानः**यहाँको विविध हावापानीसुहाँउदो कृषि प्रविधिमा कृषकहरुको पहुँच पु-याउन आवश्यक छ । यसकोलागी बिभिन्न अवस्थामा स्थान सुहाँउदो कृषिप्रणाली, नयाँ जात तथा अन्य प्रविधिको स्थान विशेष परिक्षण गरिनु पर्दछ। अतः हाल विकास भएका प्रविधि तथा कृषिप्रणालीहरुको स्थलगतरुपमा उत्पादन परिक्षण गरी सामुहिक मूल्याङकनको आधारमा उपयोगी खालका पध्दति र प्रविधिहरुको छनोट गरेर कृषकको पहुंच बढाउन सकिन्छ। सम्भव भएसम्म भौगोलिक विविधता अनुरुप तापक्रम र आद्रता मापन गरी स्थान विशेष रेकर्ड राख्ने व्यवस्था गर्न आवश्यक छ ।

## ३६. कृषिसेवा संचालन संयन्त्रः

**३६.१ समुह तथा सहकारी मार्फत कृषि सेवा प्रदानः** कृषकहरु समुहमा आबद्धहुने र समुहहरुलाई सहकारीमा आबद्ध गरी समुह तथा सहकारी मार्फत प्रविधि हस्तान्तरण, कृषिजन्य वस्तुको बजार विकास, सिचाई तथा अन्य कृषि सम्बन्धि सेवा प्रदान गर्ने ।

**३६.२ सहकारी संजालः**वार्ड तथा गाँउपालिका स्तरमा सहकारीहरुको संजालनिर्माण गर्ने र यसले कृषिक्षेत्रको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मुल्याङकण, सेवाको माग गर्ने र समन्वयकारी भूमिका निर्वाह गर्ने ।

**३६.३ प्राबिधिक सेवाः**वडा स्तरमा कम्तिमा एकजना प्राविधिकको व्यवस्था गरी नियमित प्राबिधिक सेवा पु-याउने तथा सूचना प्रवाह तथा समुह सहजीकरणका लागि हरेक समुहमा एकजना अगुवा कृषकचयन गर्ने ।

**३६.४ समन्वयः**कृषि तथा पशुक्षेत्रको समग्र (Vertical and Horizontal)समन्वयकोलागि गाँउपालिका स्तरमा समन्वय समितिको व्यवस्था गर्ने ।

## ३७. अनुगमन तथा मुल्याङकनः

सहि योजना, ठिकतरिकाले कार्यान्वयन तथा नियमित अनुगमनले मात्र कृषि पेशालाई सम्मानित र सफल बनाउन सक्दछ। हाम्रा कतिपय कृषि नितिहरु राम्रा बन्ने गरेता पनि फितलो कार्यान्वयनले गर्दा कृषि क्षेत्रले सफलता हासील गर्न सकेको देखिंदैन। कुनै पनि बिकास कार्य नतिजामूखी र उत्तरदायी बनाउन आवश्यक छ । कृषकका लागि प्रविधिको मात्र हैन नियमको पनि आवश्यकता हुन्छ । बिकासमा लगानी गरेर मात्र हुँदैन, प्रतिफल कति मात्रामा हासिल भयो भन्ने कुराले अर्थतन्त्र निर्धारण गर्दछ । खास कृषकलाई प्रोत्साहन दिने, कार्यक्रम संचालनमा पारदर्शीता अपनाउने, बजार नियमन गर्ने जस्ता कार्यहरु प्रभावकारीरुपमा संचालन गर्न कृषक तथा अन्य पात्रहरुको संलग्नतामा गाँउपालिका स्तरमा अनुगमन तथा मूल्याङ्कनको लागि छुट्टै संयन्त्रको व्यवस्था गरिनु पर्दछ।यो बाहेक स्थानिय स्तरमा कामको अनुगमन गर्ने जिम्मेवारी उपभोक्ता समितिले पनि तोक्न सक्ने व्यवस्था गर्न सकिन्छ । मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिकरुपमा समिक्षा तथा कार्यक्षेत्रको अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक व्यवस्था मिलाउनु पर्दछ । पाँच वर्षे योजनाको उपलब्धिहरु मूल्याङकन गर्न सूचकहरु तयार/थपघट गर्ने, अनुगमन तथा मूल्याङकन बिधि तयार गर्ने कार्य योजना संचालन वर्षको सुरुमै गर्नु पर्दछ ।

## ३८. योजना कार्यान्वयन सुनिश्चितताका आधारहरु;

योजनामा समावेश निम्न अनुसार कार्यहरु पुरा भएमा योजनामा तोकिएको लक्ष्य हासिल गर्न कुनै कठीन नहुने ठहर गरिएको छ ।

- कृषिजन्य वस्तु आन्तरिक तथा बाहिरी बजार सम्म ढुवानीको लागी भर पर्दो सडकसंजाल निर्माण भएको हुने छ ।
- सिंचाई तथा संकलन केन्द्र जस्ता पूर्वाधारकार्यहरु तोकिएको समयसीमाभित्र सम्पन्न हुने छन्।
- आवश्यक स्रोतको सुनिश्चिता गर्ने प्रतिबद्धता भएको छ । (बजेट तथा जनशक्ति)
- सुशासन तथा कार्यान्वयन प्रणालीमा सरलता आउने छ ।

## ३९. उत्पादन परिक्षण गर्नुपर्नेनयाँ बालीहरु

**३९.१ किवि फलः**डाडाखालीको मेलपानी,चुनपानी,माल्प,चोल्पाको माथिल्लोभाग,भोटमु"ङ्ग्रा,लापु,नाहगाँउकोमाथिल्लोभागरटमटेना |

**३९.२ भूइ ऐसेलुः**सिमल गाउ, चोल्पा, माल्प, चुनपानी ।

**३९.३ चूकन्दरः** बेमौसमको लागि डाडाखाली र अन्य मौसमकालागि जुनसुकै स्थान।

**३९.४ मेकाडोमिया नट** :समुन्द्र सतह बाट १३००मिटर देखि १६०० मिटर उचाई सम्मका स्थान हरुमा ।

**३९.५ एभोकाडोः** बजेडा, नार, पिल्क र खान्मा

**३९.६ ट्राउट माछा पालनः**नाहगाँउ राक्सीखोलाका आसपास

## ४०. बजार बिकास तथा पूर्वाधारः

- संकलन केन्द्र
- भण्डारण (सुन्तला, आलु, अदुवा, प्याज आदि)
- बजार चेनल छोटो र चुस्त वजारिकरण सेवाकालागिढुवानी साधन
- मूल्य श्रृङ्खला बिकास
- बजारको सुनिश्चितताका लागि समूह, सहकारी तथा निजी क्षेत्रको संलग्नतामा कृषि जन्य उपज बजारीकरणको संस्थागत बिकास गर्ने (पूर्व सम्झौता गर्ने परिपाटीको बिकास)

**अनुसूची १.बाली बिशेष पकेट बिस्तारकोलागिपहिचान भएका क्षेत्रहरु**

| क्र.सं. | पहिचान भएका बालीहरु | सम्भाव्य स्थानहरु |
|---|---|---|
| १ | बेमौसमीतरकारी बाली | |
| १.१ | बसन्ते तरकारी (चैत्र देखि जेठ सम्म तयार हुने बाली) | ज्यामिर चौर देखि सिम्ताखोलाको चोल्पा सम्म तथा भेरी नदी किनारमालुकै देखि राकम सम्मका सिंचित क्षेत्रहरु । |
| १.२ | बर्षे तरकारी (आषाढ देखि भाद्र सम्म तयार हुने बाली) | चोल्पा, टमाटेना, कोटकाडा, डाडाखाली, आग्रिगाँउ, सिर्पा, काफलकोट, नाहगाउँ, बजेडाको भैरब स्थान र बाँसखोला, |
| १.३ | सरद महिनामा हुने तरकारी (असोज देखि कात्तिक सम्म) | सिमलगाँउ, बजेडीचौर, पिल्क, निदाँउ, नार, आग्रिगाँउ, लापु, काफलकोट, नाहगाउँ, सिर्पा, बजेडा, मूलखोला, खान्मा, चोल्पा, कोटकाडा, डाडाखाली, काप्रिचौर |
| १.४ | गोलभेडा खुला खेती (असोज देखि तयार हुने) | खान्मा, काप्रिचौर, पाखापानी, साउखोला, पिल्क |
| १.६ | प्लाष्टिक घरमा गोलभेडा खेती (आषाढ - कार्तिक उत्पादन गर्ने) | हावा कम चल्ने, १२०० देखि १५०० मिटर सम्म ऊँचाई भएका र राम्रो घामपर्ने स्थानहरु जस्तैः बजेडिचौर, माझगाँउ, पिल्क, बजेडाको भैरबस्थान, काप्रिचौर, लापु, आग्रिगाँउ, चोल्पाको घाम पर्ने जस्ता ठाँउहरु |
| १.७ | भेडेखुर्सानी खुला खेती (असोज कार्तिकमा तयार) | खान्मा, पिल्क, काप्रिचौर, बजेडा, बजेडिचौर |
| १.८ | प्लाष्टिक घरमा भेडेखुरसानी खेती (आषाढ देखि कार्तिक सम्म उत्पादनगर्ने) | हावा कम चल्ने, पानी उपलाब्ध हुने १२०० देखि १५०० मिटर सम्म ऊँचाईभएका र राम्रो घाम पर्ने स्थानहरु जस्तैः बजेडिचौर, माझगाँउ, पिल्क, बजेडाकोभैरबस्थान, काप्रिचौरको सिमा, लापु जस्ता ठाँउहरु |
| २. | तरभुजा | ठिङगनी, ज्यामिरचौर र गजौडाकाबलौटे माटो भएका क्षेत्रहरु |
| ३. | **वर्षे आलु (१४० घरधूरी)** | डाडाखाली, माथिल्लो मुङ्ग्रे, घिमाने |
| ४. | **मसला बाली** | |
| ४.१ | लसुन खेती | सागिनी गैरी, नाहगाँउ, सिर्पा, आग्रिगाँउ |
| ४.२ | प्याज खेति | निदांऊ, खानीखोला आसपासका खेतहरु, चोल्पा |

| | | |
|---|---|---|
| ४.३ | अदुवा खेती | आग्रिगाँउ, नाहगाउँ, सिमाल गाँउ, बजेडिचौर, आरुडाडा |
| ४.४ | बेसार खेती | सुनतला, झ्यामा, बडासिमा, बजेडिचौर (बडाकांडा), बजेडा, काप्रिचौर, गाँकडा, रिठाबोट, आरुडाडा, साउखोला |
| ४.५ | अलैंची खेती | काफलकोट, नाहगाँउ, चोल्पा |
| ६. | **दलहन बाली** | |
| ६.१ | भटमास | गान्द्रा, काफलकोट, नाहगाँउ, बाङगाडाला, लापु, डाडाखाली, काप्रिचौर, चोल्पा |
| ६.२ | मास | राकम, सिम्ताखोला र भेरी किनारका सबै क्षेत्रहरु |
| ७. | **तेलहन बाली** | |
| ७.१ | सुर्यमूखी फुल | तल्लो भूभागको सिंचित क्षेत्रहरुमा बसन्ते बालीकोरुपमा खेती गर्नउपयुक्त |
| ७.२ | बदाम खती | गान्द्रा, काप्रिचौर, ठिङगनी, ज्यामिरचौर, गजौंड, रिठाबोट, बैंजपानी, चिउरीबगर |
| ८. | **बीऊ उत्पादन** | |
| ८.१ | वर्षे मकैको बिउ उत्पादन | ठिङ्गनी, तामाचौर |
| ८.२ | बसन्ते मकैको बीउ उत्पादन | तामाचौर तथा भेरी किनारका सिंचित क्षेत्रहरु |
| ८.३ | झाँङगे बोडिको बीउ उत्पादन | तामाचौर, गोजी देखि आली सम्मका सिचाई हुने स्थान तथा भेरी किनारकासिंचित क्षेत्रहरु |
| ८.४ | बर्णशंकर गोलभेडाकोबीउ उत्पादन | बजेडिचौर, आग्रिगाँउ, गान्द्रा, लापु, |
| ९ | **फलफूल** | |
| ९.१ | सुन्तला | नाहगाँउको माथिल्लो गाँउ, सिर्पा, लापु, खानी, चोल्पाको माथिल्लोगाँउ |
| ९.२ | ओखर | डाडाखाली, माथिल्लो मुङग्रे र घिमाने |
| ९.३ | कागति | काप्रिचौर, बजेडिचौर, घोरेटा, गाँन्द्रा, साउखोला, आग्रिगाँउ, पिल्क, खान्मा, पसनाउला, दुर्पाल, कानासिम्ता |
| ९.४ | लिची | भेरी किनारका सबै स्थानहरु तथा अन्य स्थानका बेशीहरु |
| ९.५ | केरा | भेरी किनारका सबै स्थान तथा अन्य ठाँउका सिंचित बेशीहरु |
| ९.६ | अम्बा | काप्रिचौर, पाखापानी, रिथाबोट, साउखोला, पानीखोला, खान्मा, पसनाउला |
| ९.७ | जुनार | कानासिंम्ता, गान्द्रा र घोरेटा |
| १०. | **पशुपालन** | सम्भाव्यस्थानहरु |
| १०.१ | बाखा पालन | दुर्पाल, घोरेटा, गान्द्रा, लुकै, ठार, झ्यामा, बडासिमा, बाङ्गाडाला, सिर्पा, काफलकोट, नाहगाउ, पिल्क, खान्मा, साउखोला (माछ्ालोट), डाडाखाली, माल्प, चुन्पानी, केउरेनी, चोल्पा, काप्रिचौर, रिठाबोट, बैंजपानी र कालि खोला |
| १०.२ | भैसी पालन | लापु, आग्रिगाँउ, डाडाखाली, ताली गाढ, घोरेटा तथा लुकै देखि राकमसम्म र गोजि देखि आलि सम्म व्यवसियक हिसाबले भैसी पालन गर्न सकिने |

| | | |
|---|---|---|
| **११.** | **कुखुरा पालन** | |
| ११.१ | ब्रोइलर कुखुरा | राकम, जामुनेबजार तथा आसपासका क्षेत्रहरु |
| ११.२ | लेयर्स | राकम, जामुनेबजार तथा आसपासका क्षेत्रहरु |
| **१२** | **गैरकाष्ठ बन पैदावार** | |
| १२.१ | लेमन ग्रास | काप्रिचौरको पाखापानी, पानीखोला र आलिका सुख्खा ठाँउहरु |
| १२.२ | मेन्था | तल्लो भेगका सबै सिंचित क्षेत्रहरु |
| १२.३ | टिमुर | डाडाखाली, माथिल्लो मुङग्रे, टमाटेनाको माथिललो भाग देखि घिमानेसम्म, बाङ्गाडाला, सिर्पा, नाहगाँउको माथिललो भाग |
| **१३.** | **च्याऊ** | डाडाखाली, चोल्पा, टमाटेना, सिमाल गाँउ, सिर्पा, |
| **१४** | **खाध्यान्न बाली** | |
| १४.१ | धान | टाटे सिउरा देखि जुगै खोला आसपासका खेतहरु, लुकै देखि ज्यामिरचौरसम्म भेरी नदी आस पासका सिंचित क्षेत्रहरु, सिमता खोलाको गोजि बजार देखि आलीसम्मका खेतहरु |
| १४.२ | मकै | गान्द्रा, घोरेटा, दुर्पाल, तामाचौर, काप्रिचौर, राकम, ठार, झ्यामा, बडासिमा, खान्मा, थिङ्गनी, च्युरीबगर, रिठाबोट, बैजपानी, खान्मा |
| १४.३ | बसन्ते मकै | भेरीकिनार, सिंम्ताखोला र जुगैखोलाका सिंचित फाँट र बेसीहरु |
| १४.४ | कोदो | घोरेटा, गान्द्रा, नाहगाउ, काफलकोट, मुङ्ग्रे, बाङ्गाडाला, काप्रिचौर |
| १४.५ | गहुं | सबै सिचित खेतहरु तथा ओसिलो मकै बारी |
| १४.६ | जौ | डाडाखाली, मुङ्ग्रे, खानी, बाङगाडाला, दुर्पाल |
| **१५** | **नयाँ बालीको उत्पादन परिक्षण** | |
| १५.१ | किवि फल | डाडाखालीको मेलपानी, चुनपानी, माल्प, चोल्पाको माथिललो भाग, भोटमुङ्ग्रा, लापु र नाहगाँउ र टमटनाको मथिललो भाग |
| १५.२ | भूइ ऐसेलु | सिमल गाउ, चोल्पा, माल्प |
| १५.३ | चूकन्दर | बेमौसमी खेती डाडाखाली र मौसमी अन्य जुनसुकै स्थानहरु |
| १५.४ | मेकाडोमियानट | समुन्द्रसतहबाट १३०० मिटर देखि माथिका क्षेत्रहरु |
| १५.५ | एभोकाडो | समुन्द्रसतहबाट ८०० मिटर देखि १२०० मिटर सम्मको उचाइ बएका क्षेत्र |
| १५.६ | सिउडि फल | समुन्द्रसतहबाट १००० मिटर सम्मका क्षेत्रहरु |
| १५.७ | फूल खेती | यातायात सुबिधा भएकास्थानहरु |
| १५.८ | ट्राउट माछा पालन | नाहगाँउ राक्सीखोलाका आसपास |
| **१६** | **बिभेदित र पिछडिएका बर्ग, साना तथा सिमान्तकृत कृषकहरुका लागिआयमूलक कार्यक्रम** | |
| १६.१ | १) च्याउ खेती२) बाखा पालन (३) तरकारी खेती (४) माहुरी पालन (५) घरबगैंचास्थापना६) सिपमूलक तालिम | |

अनुसूची नं. २ पाँच वर्षे योजना अवधिमा प्रक्षेपित थप उत्पादन तथा आम्दनी

| बाली | उत्पादनमा फरक (मे.टन) | बिक्रि दर (रु.) | थप आम्दनी (रू.) |
|---|---|---|---|
| **खाध्यान्न बाली** | **३३०७** | **२२८३४** | **७५५०६९५०** |
| धान (वर्षे) | १३०२.४० | २२००० | २८६५२८०० |
| धान (बसन्ते) | १३५.०० | २२०० | २९७००० |
| मकै (वर्षे) | ६०९.२१ | २०००० | १२१८४२५० |
| मकै (बसन्ते) | ३३५.०० | २०००० | ६७००००० |
| गहुं | ९०८.४८ | ३०००० | २७२५४४०० |
| कोदो | १६.७४ | २५००० | ४१८५०० |
| **तरकारी** | **३८४८** | **२३५२०** | **९०४९९४३८** |
| हिउदेतरकारी | ११३८.६१ | २०००० | २२७७२२५० |
| बसन्तेतरकारी | ७१९.१९ | २५००० | १७९७९६८८ |
| वर्षेतथा शरद मौसम तरकारी | १९८९.९० | २५००० | ४९७४७५०० |
| **आलु** | **८५१** | **२००००** | **१७०१००००** |
| हिउदेआलु | ३७०.५० | २०००० | ७४१०००० |
| वर्षेआलु | ४८०.०० | २०००० | ९६००००० |
| **दलहन** | **९६** | **३७५०००** | **७३९३८५०** |
| मास | १५.३४ | १००००० | १५३४००० |
| मुसुरो | १७.६१ | ६५००० | ११४४६५० |
| चना | ३९.८० | ८०००० | ३१८४००० |
| केराउ | १४.१६ | ७०००० | ९९१२०० |
| भटमास | ९.०० | ६०००० | ५४०००० |
| **तेलहन** | **८६** | **११६४७०** | **१००५६०००** |
| तिल | ३.२४ | १५०००० | ४८६००० |
| तोरी | ६३.०० | १२०००० | ७५६०००० |
| सुर्यमुखीफूल | २०.१० | १००००० | २०१०००० |
| **फलफुलबगैंचा** | **३६.४३** | **४००००** | **१४५७१२०** |
| बगैंचाव्यवस्थापन | २१.४३ | ४०००० | ८५७१२० |
| नयाँ बगैंचा स्थापना | १५.०० | ४०००० | ६००००० |
| मसला बाली | **८८२.५०** | **२८६६९** | **२५३०००००** |
| अदुवा | २८०.०० | २३००० | ६४४०००० |

| | | | |
|---|---|---|---|
| बेसार | २८०.०० | २०००० | ५६००००० |
| लसुन | ६०.०० | ४०००० | २४००००० |
| प्याज | २५५.०० | २२००० | ५६१०००० |
| अलैंची | ७.५० | ७००००० | ५२५०००० |
| **कृषितर्फ जम्मा** | | | **२२७२२३३५८** |
| **पशुपालनतर्फ थप आम्दानी** | | | **३०५३६२४२** |
| ५ वर्ष पछि खसी बोका | २०४४ | ११६०० | २३७११२४२ |
| थप भैंसी पालन (थप दुध उत्पादन) | १२५००० | ४५ | ५६२५००० |
| लेयर्सकुखुरा पालन | १००००० | १२ | १२००००० |
| **कृषि तथा पशुपालनमा कूल ग्रस आम्दानी** | | | **२५७७५९६००** |

| **अनुसूची ३प्रमुखबाली प्रणालीमा केहि सुधार गर्नु पर्ने पक्ष** | | | |
|---|---|---|---|
| **१७०० मिटर देखि २२००मिटर (असिंचित क्षेत्र)** | | **१७०० मिटर देखि २२००मिटर ९सिंचित क्षेत्र)** | |
| **हालको बाली प्रणाली** | **प्रस्ताबित बाली प्रणाली** | **हालको बाली प्रणाली** | **प्रस्ताबित बाली प्रणाली** |
| मकै + सिमी - गहुं र तोरी | मकै +सिमी - तोरी / गहुं | मकै + सिमी - गहुं /तोरी | मकै + सिमी / भटमास -गहुं र तोरी |
| | | | ८ बसन्ते तरकारी - वर्षेतरकारी ( तोरी |
| वर्षे आलु - तरकारीर तोरी | वर्षे आलु - तरकारी -- तोरी | मिटर | वर्षे आलु - तरकारीर तोरी |
| कोदो -खाली | कोदो + भटमास (ग-हाको डिलमा) | कोदो -गहुं | फलफुलबगैंचा + लसुन |
| | टिमुर + भटमास | | |
| **६०० देखि १४०० मिटरसम्म (असिंचित)** | | **६०० मिटर देखि ९०० मिटर सम्म ९अति सुखा)** | |
| **हालको बाली प्रणाली** | **प्रस्ताबित बाली प्रणाली** | **हालको बाली प्रणाली** | **प्रस्ताबित बाली प्रणाली** |
| मकै - खाली | बेसार र अदुवा + ग-हाको डिलमा घाँस / डाले घाँस | मकै -खाली | लेमनग्रास / अम्बा / घाँस / डालेघाँस |
| | | | फलफुल बगैंचा + घुसुवा बाली (बेसार) ** |
| **६०० मिटर देखि ८००मिटर सम्म (असिंचित)** | | **६०० मिटर देखि ८०० मिटर सम्म ९सिंचित)** | |
| **हालको बाली प्रणाली** | **प्रस्ताबित बाली प्रणाली** | **हालको बाली प्रणाली** | **प्रस्ताबित बाली प्रणाली** |
| मकै - तोरी / दलहन / गहुं | मकै - तोरी / दलहन | धान - गहुं | धान - तोरी - बसन्तेबाली |
| | | | धान - गहुं / दलहन - क्याच क्रप *** |

| | | | |
|---|---|---|---|
| मास - खाली | सुर्यमुखी फूल - तोरी / दलहन | मकै - तोरी ( खाली | मकै - तोरी / तरकारी -बसन्ते बाली |
| **९००० देखि १५०० मिटरसम्म (असिंचित)** | | **९००० देखि १६०० मिटर सम्म ९सिंचित)** | |
| **हालको बाली प्रणाली** | **प्रस्ताबित बाली प्रणाली** | **हालको बाली प्रणाली** | **प्रस्ताबित बाली प्रणाली** |
| मकै -गहुं / तोरी र दलहन | मकै +भटमास - तोरी र गहुं | धान -गहुं( खाली | धान ( गहुं - क्याच क्रप अथवाधान ( तोरी / तरकारी - बसन्ते बाली |
| | | | तरकारी -तरकारी / दलहन / तोरी ( बसन्तेबाली |
| | | | वर्षे तरकारी - तोरी / हिउदे तरकारी ( बसन्ते तरकारी |
| | | | मकै - तोरी / चना / मुसुरो - बसन्ते तरकारी / क्याच क्रप |

*__बसन्ते बाली:__ तरकारी, मकै, धान, सुर्यमुखि फूल, मुङग, ** __घुसुवा बाली:__ बेसार, अदुवा, लसुन , ***__क्याच क्रप:__ छोटो समयमा तयार हुने बालीजस्तै- बोटे बोडि, घाँस आदि

**अनुसूची ४पशुपालन व्यवस्थापनमा सुधार गर्नु पर्ने पक्ष**

| | **बाख्रापालन** | | **भैंसीपालन** | |
|---|---|---|---|---|
| **विवरण** | **हालको अभ्यास** | **सुधार गर्नु पर्ने पक्ष** | **हालको अभ्यास** | **सुधार गर्नु पर्ने पक्ष** |
| आहार व्यवस्थापन | परम्परागत खुला चरणको भरमापाल्ने | व्यवस्थित चरन, बधुवा पालन र सन्तुलित आहार | सन्तुलित आहारमा ध्यान नदिएको | सन्तुलित आहारकोव्यवस्थापन गर्ने |
| | छिटफुट डाले घाँस लगाएको | कोसे घाँस मिलाएर कृषिवन प्रणाली अपनाउने | बालीको उप-उत्पादनको भरमा पनि पालेको | उप-उत्पादनमा हरियो घाँस मिसाएर खुवाउने |
| खोर / गोठ | परम्परागत खोरमा पालेको | सुधारिएको खोर निर्माण गर्ने | परम्परागत गोठमा पालेको | सुधारिएको गोठ निर्माण गर्ने |
| जात | अधिकांस खरी जातको बाख्रा पालरको | खरी जात तथा बोयरको ५०% क्रस दुबैजात पाल्ने | स्थानिय र उन्नत जात पालेको | उन्नत जातको भैंसीको संख्यामा बृध्दि गर्ने |
| परजिवी नियन्त्रण | परजिवी रोकथाममा कम ध्यान दिएको | परजिवी रोकथाममा बढी ध्यान दिनु पर्ने | परजिवी रोकथाममा कम ध्यान दिएको | परजिवी रोकथाममा बढी ध्यान दिनु पर्ने |

## अनुसूची: ५स्थान विशेष वस्तुगत विवरण

| वडा नं. | स्थान /वस्ती | समुन्द्रसतह देखी उचाई (मि.) | विवरण |
|---|---|---|---|
| १ | लुकै | ६१३ ( ६९७ | पक्की सडकले जोडिएको, पूर्वी मोहडा, भेरि नदीको किनारमाअवस्थित खेती योग्य समथर जमिन, हिउदमा हल्काहुस्सु लाग्ने |
| | टाटे सुन्तला (खेत) | ६२५ ( ७३७ | पक्की सडकले जोडिएको, पूर्व दछिण मोहडा, जुगै खोला किनारमा खेतियोग्य उर्वर जमिन, हिउदमा हल्का हुस्सु लाग्ने |
| | सुन्तला गाउ | ११२३-१२२३ | कच्ची बाटोले छोएको, पूर्व र उत्तर फर्किएको भिरालो जमिनमा ग-हामाखेती तर हाल जमिन बाझो छोड्ने क्रम बढ्दो |
| | घोरेटा गाउ | ११७९-१६७८ | कच्ची सडकले छोएको, पूर्व र दछिन फर्किएको भिरालो जमिनमा ग-हाखेती |
| | गान्द्रा गाउ | १३००-१८०० | कच्ची सडकले छोएको, दछिन, पश्चिम र पूर्व मोहडा, कमसल देखी उर्वरमाटो तथा भिरालो जमिनमा ग-हामा खेती |
| | औल गान्द्रा | १०९८-१२२० | गान्द्रा गाउ देखि तल दक्छिन मोहडा, उत्पादनशील जमिन, घाम पर्ने |
| २ | काफलकोट | ११६९-१४५२ | कच्चीसडकले छोएको, उत्तर-पूर्व मोहडा, केहि सेपीलो ठाउ |
| | नाहगाउ | ११४३-१४८२ | उत्तर मोहडा, सेपिलो जमिन, उर्वर माटो, विविध वस्तु उत्पादनको सम्भावना भएको स्थान। |
| | सिर्पा | १३५०-१६४० | उत्तर मोहडा, सेपिलो जमिन, उर्वर माटो, घाम कम पर्ने धेरै सम्भावनाभएको स्थान |
| | दुर्पाल | १४७४-१५२४ | कच्ची सडकले छोएको, उत्तर मोहडा, सुख्खा स्थान |
| ३ | बाङ्गाडाला | १६६०-१८५० | कच्ची सडकलेछोएको, पुर्व-उत्तर मोहडा, भिरालो जमिनमा ग-हा खेती |
| | लापु | १६६०-१८५० | कच्ची सडकले छोएको, पुर्व मोहडा, कम भिरालो जमिन |
| | आग्रिगाउ | ११००-१२६२ | कच्ची सडकले छोएको, पुर्व मोहडा, कम भिरालो, ओसिलो तथा मलिलो जमिन |
| | ठार | १२४०-१४८१ | कच्ची सडकले छोएको, उत्तर मोहडा, भिरालो, सुख्खा जमिन |
| | वडासिमा | ९८५-१३९६ | कच्ची सडकले छोएको, उत्तर पूर्व मोहडा, सुख्खा जमिन |
| | झ्यामा | ११७१-१३५५ | कच्ची सडकले छोएको, उत्तर मोहडा, सुख्खा जमिन |

| | | | |
|---|---|---|---|
| | खारौल | ७७५ | कच्ची सडकले छोएको, पूर्व-दक्षिण मोहडा, सुख्खा जमिन |
| | मस्तारा खेत | ६०४-६२५ | पक्की सडकले छोएको, भेरी नदीको छेउ, समथर भूभाग |
| | राताचौर | ६०७-६७९ | पक्की सडकले छोएको, भेरी नदीको छेउ, समथर भूभाग |
| | औलझ्यामा | ६०६-६७६ | पक्की सडकले छोएको, भेरी नदीको छेउ, रातो माटो, समथर भूभाग |
| ४ | कालिखोला | ५९१ | पक्की सडकले छोएको, भेरी नदीको छेउ, मलिलो माटो, समथर भूभाग |
| | नाड गाउ | ६४०-७९३ | कच्ची सडकले छोएको, उत्तर-पूर्व फर्किएको मलिलो माटो, ओसिलो जमिन |
| | निदाउ | १११० | कच्ची सडकले छोएको, उत्तर-पूर्व फर्किएको मलिलो माटो, ओसिलो जमिन |
| | पिल्क | ९५२-११०० | कच्ची सडकले छोएको, पूर्व र केहिभाग उत्तर फर्किएको मलिलो माटो |
| | पिल्क चौर | १०७० | कच्ची सडकले छोएको, पूर्व फर्किएको, समथर, मलिलो जमिन |
| | बडाकाडा | १४३३ | कच्ची सडकले छोएको, पूर्वी मोहडा, सुख्खा जमिन |
| | पिलीकाडा | १३११-१५५५ | कच्ची सडकले छोएको, पूर्वी मोहडा, पानी नजम्ने माटो |
| | सिमालगाउँ | १२५०-१३८७ | कच्ची सडकले छोएको, पूर्वी मोहडा, ओसिलो र उर्वर जमिन |
| | भोटमुड्ग्रा | १३९२-१६७७ | कच्ची सडकले छोएको, पूर्वी मोहडा, ओसिलो जमिन |
| ५ | बजेडा गाउ | १२५०-१६२२ | कच्ची सडकले छोएको, पूर्वी मोहडा, बिच गाउमा ओसिलो जमिन, सिमा रकटीगाउ अलि सुख्खा, जमिन बाझो छड्दै गएको |
| | बजेडा आली | ७६०-८८५ | सडकले छोएको, फराकिलो फाट, उत्पादनशील जमिन |
| | सिम्ल्या आली | ७३०-९५५ | सडकले छोएको, फराकिलो फाट, अधिकाश सिचाई उपलब्ध, उत्पादनशील जमिन |
| | तामा गाउ | ६५०-७३० | सडकले छोएको, फराकिलो फाट, उत्पादनशील जमिन |
| | तल्लो पानिखोला | ६९०-८५४ | सडकले छोएको, रोड देखि तल सिचाई भएको |
| | माथिल्लो पानिखोला | | सडकले छोएको, रोड देखि माथि, सुख्खा जमिन, जमिन धेरै बाझो रहेको |
| | पारी ठुलासैना | १४२४ | दछिणमोहाडा, सिचाई हुने |
| ६ | गजौडा | ६००-६२५ | पक्की सडकले छोएको, भेरी नदी किनारमा फराकिलोतथा उर्वर जमिन |
| | जामुनेबजार चौर | ६३६-६६० | पक्की सडकले छोएको, फराकिलो फाट, उर्वर जमिन |
| | ज्यामिर चौर तथा सिउरा खेत | ५६८-६०४ | पक्की सडकले छोएको, भेरी नदीको छेउमा फराकिलो फाट, उर्वर जमिन, बा-है महिना सिचाई हुने |
| | राकम | ५८१-५९५ | पक्की सडकले छोएको, भेरी नधिको छेउमा समथर फाट, उर्वर जमिन |
| | ठिङग्नी | ५७३-५८४ | पक्की सडक सङ्ग झोलुङ्गे पुलले जोडिएको |
| | घोडेरी | ५५९-५७४ | पक्की सडक सङ्ग झोलुङ्गे पुलले जोडिएको |
| | रिठावोट | १३०० | कच्ची सडकले छोएको, पूर्वी मोहडा, सुख्खा ठाउ |
| ७ | पाखापानी | ६८८- ९०० | कच्ची सडकले छोएको, पूर्व-उत्तर मोहडा, अति सुख्खा ठाउ |
| | सिमा | ९००-११५६ | कच्ची सडकले छोएको, पूर्वी मोहडा, सुख्खा ठाउ |
| | काप्रिचौर माझगाँउ | १२५० | कच्ची सडकले छोएको, पूर्वी मोहडा, सुख्खा ठाउ |

| | | | |
|---|---|---|---|
| | वडथाप्ना | १३३० | कच्ची सडकले छोएको, पूर्वी मोहडा, सुख्खा ठाउ |
| | गाकडा/नयाँगाउ | १२३०-१४६३ | कच्ची सडकले छोएको, पूर्वी-उत्तर मोहडा, सुख्खा ठाउ |
| | बाघहाने | १२५८-१३६० | कच्ची सडकले छोएको, पूर्वी-उत्तर मोहडा, |
| | डोबखोला | १३७८ | अलि बिकट, पूर्वी मोहडा,चरणछेत्र रहेको |
| | बैजपानी | १००७-११६३ | रोप वे को व्यवस्था, बिकट, पूर्वी मोहडा,चरणछेत्र रहेको |
| | बैजपानी ज्यूला | ५५७-५७३ | पक्की सडकसङ्ग झोलुङ्गे पुलले जोडिएको |
| | च्यूरी बगर | ५५२-५८१ | पक्की सडकसङ्ग झोलुङ्गे पुलले जोडिएको फराकिलो तर सुख्खा फाट |
| ८ | साउखोला | ७००-१११२ | कच्ची सडकले जोडिएको,पूर्वी-उत्तर मोहडा, सुख्खा स्थान, जमिन बाझोछोड्ने गरेको |
| | माछालोट | १२१५ | ,पूर्वी मोहडा, सुख्खा स्थान, जमिन बाझो छोड्ने गरेको चरण छेत्रभएको |
| | जुम्ल्या अम्रै | ७९१ | उत्तर मोहडा, बाटोले जोडिएको, धान खेत, दुई खेती सिचाई हुने |
| | आरु डाडा | ८००-१०४२ | उत्तर मोहडा, बाटोले जोडिएको, ओसिलो बारी |
| | माल्प, चुनपानी | १२५०-१५०० | कच्ची सडदकले छोएको,उत्तरी मोहडा, सपिलो स्थान |
| | मेलपानी( लयापोखरा | १६००-२०१२ | कच्ची सडकले जोडिएको,पूर्वी-उत्तर मोहडा, हिउदमा तुसारोपर्ने,वर्षादमा कुहिरो लाग्ने, कहिले काहि असिना परेर छेती पुर्याउने |
| | केउरेनी | १७६० | कच्ची सडकले जोडिएको, दछिन मोहडा, तुसारो पर्ने,वर्षादमा कुहिरो लाग्ने |
| ९ | बुरिबजेनी (धुरी) | २२५६ | सिम्ताकोउचो स्थानमा रहेको |
| | सागिनीगैरी | १७०० | उत्तर मोहडा, भरालो जमिन, सडकले नछोएको, घाम कम पर्ने |
| | टमाटेना गाउ | १३००-१७४० | कच्ची सडकले छोएको, पूर्व-उत्तर मोहडा, सेपिलो जमिन |
| | थारपात्ला | १३०० | कच्ची सडकले छोएको, उत्तर मोहडा, सेपिलो जमिन, सिचाए भएको |
| | खान्मा | १०४५-१२३३ | कच्ची सडकले छोएको, पूर्व र दछिण मोहडा, घाम पर्ने सुख्खा स्थान |
| | मुलखोला,लामेला | ८५०-१०८० | कच्ची सडकले छोएको, पूर्व र उत्तरमोहडा, सिचाई हुने स्थान |
| | पसनाउला | १४००-१६४० | कच्ची सडकले छोएको, दछिन र पूर्व-दछिनमोहडा, सुख्खा स्थान |
| | दुनि, काडासिम्ता | १२३५-१३७७ | सिंम्ता खोलाको छेउमा अवस्थित, दछिन मोहडा |
| | माथिल्लो मुङ्ग्रे | १७४४-१९५१ | कछची सडकले जोडिएको, पूर्वी मोहडा, तुसारो पर्ने, वर्षादमा कुहिरोलाग्ने |
| | खानी | १३४०-१५६० | उत्तर मोहडा, भरालो जमिन, सडकले नछोएको |
| | चोल्पा स्कूल | १३३० | पूर्व-उत्तर मोहडा, सडकले छोएको, ओषिलो र उब्जाउ जमिन |

| | | | |
|---|---|---|---|
| | माथिल्लो चोल्पा | १५२४ | कच्ची बाटोले जोडिएको, उत्तर-पूर्व मोहडा, सेपिलो र उब्जाउजमिन |
| | चोल्पाखोला आस पासका खेत | ८५०-११०० | कच्ची बाटोले जोडिएको, कोटकाडा खेत देखी तलका खेतमा सधै सिछाई हुनसक्ने |

## अनुसूची नं. ६ पञ्च वर्षिय योजनाको रणनीतिक ढाँचा

| **योजनाको दुरदृष्टिः "उन्नत, दिगो, तथा आत्मानिर्भर कृषिक्षेत्र"** | | |
|---|---|---|
| उध्देश्य | र.नं. | रणनीति |
| **१) कृषि तथा पशुजन्यबस्तुहरुको उत्पादन तथा उत्पादकत्व बृध्दि गरी खाध्यसुरक्षामा आत्मनिर्भरताबढाउने** | १.१ | सिम्ता गाँउपालिकाको बिकास कार्यमा कृषुक्षेत्रलाई पहिलो प्राथमिकमा राखेर सरकारी, गैर सरकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा कृषिक्षेत्रको बिकास गर्न जोढ दिने । |
| | १.२ | कृषक, कृषक समुह तथा सहकारीहरु क्षमता बढाउन कृषि पध्दति, उत्पादन प्रविधि, फार्म व्यवस्थापन, तथा बजार सम्बन्धि ज्ञ्यान तथा संस्थागत क्षमता बृध्दि गर्ने । |
| | १.३ | बालीमा उन्नत जात, गुणस्तर बीउ, ठाँउ सुहाउदो कृषि प्रणालीको प्रयोग द्वारा कृषि बस्तुको उत्पादकत्व बढाउने । |
| | १.४ | उपलब्ध पानीका स्रोतहरु सिंचिईमा प्रयोग गरेर बालीको उत्पादकत्व र बाली सघनतामा बृध्दि गर्ने । |
| | १.५ | गुणस्तरयुक्त उत्पादन सामग्रि समयमा आपूर्ती तथा सहुलियत ऋण सुबिधाको व्यवस्था गर्ने। |
| | १.६ | माटोको उचित व्यवस्थापन द्वारा उर्वराशक्ति बढाउन जोड दिने । |
| | १.७ | पशुजन्य उत्पादन बढाउन उत्पादनशील नश्लका पशुपंक्षि पालन, आहार तथा गोठ व्यवस्थापन र रोग तथा परजिवी नियन्त्रणमा उचित व्यवस्था गर्ने । |
| | १.८ | कृषि कार्यमा दक्षता बढाई उत्पादन लागत घटाउन यान्त्रीकरणमा जोड दिने । |
| | १.९ | ठाँउ सुहाउदो उपयुक्त बाली तथा पशुपालन व्यवसाय बिस्तार गरि पकेट क्षेत्रको रुपमा बिकास गर्ने । |
| | १.११ | खाध्य सुरक्षा बृध्दि गर्न सिंचित क्षेत्रहरुमा बाली सघनता बढाएर उतपादन बढाउने । |
| | १.१२ | परम्परागत चरणको भरमा गरिने पशु व्यवसायलाई चरण सुधार, उन्नत घाँस व्यवस्थापन, कृषि-वन प्रणाली, पशु पालनलाई प्रोतसाहन गर्ने । |
| | १.१३ | आयात प्रतिस्थापन हुने वस्तुहरु उत्पादनमा बृध्दि गरि आत्मा निर्भरता बढाउने । |
| | १.१४ | पशुजन्य उत्पादन बढाउन उत्पादनसील पशुको संख्यामा बृध्दि, चरणको भरमा गरिने पशु व्यवसायलाई चरण सुधार, उन्नत घाँस व्यवस्थापन, कृषि-वन प्रणाली अवलम्वन गर्ने । |
| | १.१५ | रोग, कीरा तथा परजीवीबाट हुने क्षति कम गर्न खोप तथा बाली संरक्षण सेवा प्रदान गर्ने । |
| | १.१६ | व्यवसायिक फर्म तथा कृषक समुहहरुको व्यवसायिक योजना तथा कार्यविधिले निर्धारण गरेको आधारमा अनुदान सहयोग गर्ने । |
| | १.१७ | सिमान्तकृत कृषक, पिछडिएका तथा जोखिममा परेका बर्गहरुलाई समेटेर बैकल्पिक आयमूलक क्रियाकलापहरु संचालन गरी नीहरुको आम्दानी बढाएर खाध्यसुरक्षामा पहुंच बढाउने । |
| | १.१८ | बाझो रहेका जमिनमा भू-उपयोगको हिसाबले उपयुक्त कृषि व्यवसाय संचालन गर्ने र सामुहिक तथा करार खेतीकोलागि प्रोतसाहन तथा सहजीकरणको भुमिका निभाउने । |

| | | |
|---|---|---|
| | १.१९ | बिबिध बस्तु उतपादन रउपभोग बढाउन घरबगैंचा स्थापना गर्न जोड दिने। |
| | १.२० | स्थानिय स्तरमा उत्पादन हुन सक्ने पौष्टिक त्तत्वहरुको उपयोग बढाउन चेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| २) कृषिक्षेत्रमा तुलनात्मकलाभका वस्तुहरुको व्यवसायिकरण द्वारा आम्दनी बृध्दि गरी कृषकहरुको जीवनस्तर माथिउकास्ने । | २.१ | बजार मागको आधारमा कृषि तथा पशुजन्य बस्तुहरुको व्यवसायिकरण द्वारा रोजगारी श्रृजना गरी गरिबी गटाउने । |
| | २.२ | उत्पादन सामग्रीहरुको सहज आपूर्ति, सहुलियत ऋण सुबिधा, प्राबिधिक सेवामा पहुंच तथा बजारको सुनिश्चित गर्ने । |
| | २.३ | व्यवसायिक कृषिमा लागेका कृषक, कृषक समुह तथा सहकारीहरुले व्यवसायिक योजना बनाएर व्यवसायलाई प्रभावकारी तरिकाले संचालन गर्न जोड दिने । |
| | २.४ | उत्तर-दक्षिण रोड कोरिडोर नीति अवलम्वन गरी तुलनात्मक लाभका आधारमा मौसम अनुसार तराई तथा डोल्प सम्मका बजारहरुमा बिक्रि गरी आम्दानी बढाउनमा जोड दिने । |
| | २.५ | उत्पादित वस्तु संकलन, भण्डारण, प्रशोधन तथा छिटो र छरितो ढुवानीको व्यवस्था गर्ने । |
| | २.६ | उत्पादित वस्तुको गुणस्तर कायम राख्न प्रभावकारी अनुगमन तथा नियमनको व्यवस्था गर्ने । |
| | २.७ | बाहिर निकाशी हुने तथा आयात प्रतिस्थापन हुने बस्तुहरु उत्पादनमा जोड दिने । |
| | २.८ | व्यक्तिगत रुपमा पशुव्यवसाय गर्ने कृषककोहकमाबाखा पालनमा २५ वटा माउ बाखारभैंसीपालनमा ५ वटा माउ भैंसी पाल्नेकृषकलाई व्यवसायिक कृषकको रुपमा मान्नेतादिने । |
| | २.९ | देखासिखि र बाहिरी प्रभावबाट बढ्दै गएको समाजिक कुलत हटाउन बैचारिक पूनर्जागरण, सामर्थ्यको पहिचान, कामको कदर र यान्त्रिकरणद्वारा कृषिपेशालाई युवामैत्री बनाउन पहल गरिने छ । (फाईदा + मर्यादित + सहज ) |
| | २.१० | माग र आपूर्ति बिच सन्तुलन ल्याउन मूल्य अभिबृध्दि श्रृङ्खलाको (ख्बगिभ अजबष्ल बउउचयबअज० अवधारणा अवलम्वन गर्ने र त्यसमा आबध्द सबै पात्रहरुको क्षमता बृध्दि गरी एक आपसको सम्बन्ध बलियो बनाउन जोड दिने । |
| | २.११ | बजार मागको आधारमा सबै बहाना मिलाएर खेती गर्ने र बाली पात्रो बनाएर कृषि व्यवसाय संचालन गरी बजारीकरणको संस्थागत बिकास गर्ने । |
| | २.१२ | वस्तु उत्पादन तथा बजारीकरण बिच सामानजस्यता ल्याई बजार च्यानल छोटो, चुस्त, एवं प्रभावकारी बजारीकरणको बिकास गर्ने । |
| | २.१३ | लेक, बेसी, फाँट तथा मध्यपहाडमा पाईने विविध हावापानीको उपयोग गरी स्थान-विशेष तुलनात्मक लाभका वस्तुहरु वेमौसमी तरकारी, वर्षे आलु, फलफुल, खसी बोका जस्ता वस्तु उत्पादन गरेर बढी मूल्यमा बिक्रि गरी आम्दानी बढाउनमा जोड दिने । |
| | २.१४ | कृषकहरुलाई आवश्यकता अनुसार प्राविधिक सहयोग पु-याउन वडा स्तरमा प्रविधिक कर्मचारीको व्यवस्था गर्ने । |
| | २.१५ | देखेर विश्वास गर्ने तथा गरेर सिक्ने मान्यता अनुसार नयाँ र उच्च मूल्य भएका कृषिजन्य वस्तु तथा प्रविधिहरु फिल्ड स्तरमै परिक्षण गरि उपयुक्त प्रविधि तथा तुलनात्मक लाभका वस्तु छनोट गर्दैजाने। |
| | २.१६ | कृषकहरुलाई कृषिवस्तु उत्पादन सम्बन्धि प्रविधि, उत्पादित वस्तुको बजार मूल्य जस्ता कुराहरु जानकारी गराउन कृषि सूचनाको पहुंच बढाउने । |

| | | |
|---|---|---|
| | २.१७ | व्यकतिगत तहमा सीप बिकास, समुह स्तरमा पूर्वाधार बिकास, समूह परिचालन र समुहको संस्थागत बिकास गर्ने र वडा तथा गाँउपालिका स्तरमा समन्वय र सहकार्य गर्न बलियो संजाल निर्माण गरी कृषिक्षेत्रको बिकास अगाडि बढाउने । |
| **३) प्राकृतिक स्रोत, प्रविधि तथा स्थानीय क्षमतामा आधारित कृषिक्षेत्रको दिगो विकास हासिल गर्ने** | ३.१ | परिवर्तित अवस्थामा कृषकहरुलाई अनुकुलन हुनसक्ने क्षमताको बिकास गरी जोखिम न्यूनिकरण गर्ने । |
| | ३.२ | उपलब्ध स्थानिय श्रोतहरुको संतुलित उपयोग तथा ठाँउ सुहाउदो प्रविधिको प्रयोगमा जोड दिने। |
| | ३.३ | जमिनको क्षमता अनुसार भू-उपयोग, वातावरण अनुकुल हुने गरी विषादि र रसायनिक मलको प्रयोग तथा माटोको दिगो व्यवस्थापनमा ध्यान दिई श्रोतहरुको परिचालन गर्ने । |
| | ३.४ | मसला बाली तथा फलफुलमा प्राँगारिक उत्पादन र अन्य बालीमाकम्पोष्ट मल रहरियो मलको प्रयोग, तथा प्रयोग बिधिमा सुधार गरी माटोको उर्वराशक्ति कायम राख्न जोड दिने । |
| | ३.५ | चरण सुधार, कृषि-वन प्रणाली, मिश्रित खेती, उपयुक्त बालीचक्र, विविध बस्तु उत्पादन तथा पशु स्वास्थ सेवा उपलब्ध गराई जैविक विविधता कायम राख्न ध्यान दिने । |

**सामग्रीहरु**


वार्षिक कृषिविकास कार्यक्रमतथा तथ्याङ्क पुस्तिका सुर्खेत आ.व. २०६५/०६६

जिल्ला पशु सेवा कार्यालयसुर्खेत वार्षिक पुस्तिका आ.व.२०७०/०७१

पशुसेवा केन्द्र (क) राकमसुर्खेत सेवाकेन्द्रस्तरीय प्रोफाइल, आ.व.२०७२/०७३

सिम्ता गाउँपालिकाको वार्षिकवुलेटिन, सिम्ता दर्पण २०७४/०७५

कृषक र प्रविधि वर्ष ४ अंक ५राष्ट्रिय मासिक निम्बस

सिम्ता गाउँपालिकाको वस्तुगतविवरण २०७४

कृषि उधम २०७५ निम्बस

कृषि विकस शाखा सिम्तागाउँपालिका सुर्खेतको आ.व.२०७४/२०७५ वार्षिक योजना तथा तथ्याङ्क पुस्तिका

सिम्ता गाउँपालिकाको बिपन्नघरधुरीसर्भेक्षण. २०७५

केन्द्रीय तथ्यांक विभागप्रतिवेदन २०६८